# अर्थ सवाल

Artha Sawal Weekly साप्ताहिक

वर्ष ८, अंक ६, २०८० भदौ ७ गते बिहीबार (24 August 2023 Thursday) मूल्य रू. १०/-


## सुन धितोमा राखिएको ऋण पनि उठेन



काठमाडौं । सुन धितोमा राख्ने ऋणीहरुले पनि ऋण नतिरी भागेका छन् । सुन धितोमा राखेर नेपाल बैंकका विभिन्न शाखाबाट ऋण लिएका आधा दर्जन ऋणीहरु ऋण नतिरी भागेका हुन् ।

धितोमा राखिएका घर, जग्गा, सवारीसाधनहरु लिलामी हुने गरेका धेरै घटनाहरु सुनिन्छन् । सुन धितोमा राखेर समेत ऋण नतिर्नेको संख्या भने तुलनात्मक कमी हुन्छ । सुनको बजार मूल्य धेरै हुने र ऋण निकै कम मात्रै बैंकले दिने भएकाले धितो उकास्दा ऋणीलाई फाइदै

बाँकी पृष्ठ ७




यादव देवकोटा/अर्थ सवाल साप्ताहिक

काठमाडौं । विगतले वर्तमानलाई सजिलो बनाउन सिकाउछ र वर्तमानले भविष्य सुनिश्चित गर्छ भन्ने गरिए पनि नेपालको राजनीतिमा विगत हेर्ने र भविष्यको रेखा कोर्ने कुनै प्रयास हुन सकेको छैन । विशेष गरी मुलुकको अर्थतन्त्रमा देखापरिरहेका तमाम समस्याहरुको समाधानका लागि सरकारले चाल्नुपर्ने कदम चाल्न नसक्दा एक होइन अनेक समस्याहरु जस्ताको तस्तै रहने गरेको छ । मुलुकको अर्थतन्त्रमा यस्तै स्थिति देखापरेको छ र चालू आर्थिक वर्ष पनि कष्टपूर्ण नै हुने देखिएको छ । अघिल्ला कमजोरीहरु सच्याउने जमर्को नगर्दा कुनै पनि बेला गम्भीर समस्या उत्पन्न हुनसक्ने खतरा कायम रहेको आर्थिक तथ्यांकहरुले देखाएको छ ।

गत आर्थिक वर्षमा केही पक्षमा केही सकारात्मक सन्देश दिए पनि अर्थतन्त्र मजबुत बनाउने क्षेत्रहरु अझै कामजोर नै देखिएका छन् । गत शुक्रबार नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार गत वर्ष मुद्रास्फीति, चालु खाता घाटा, प्रत्यक्ष वैदेशिक लगानीलगायतका सूचकाङ्क खराब देखिएका छन् भने विप्रेषण आप्रवाहमा व्यापक सुधार भएको छ । त्यस्तै शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चितिलगायतका सूचकाङ्क सकारात्मक छन् ।

गत आवमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २१ दशमलव दुई र अमेरिकी डलरमा १२ दशमलव एक प्रतिशतले बढेको छ । त्यस्तै, शोधनान्तर स्थिति रु दुई

बाँकी पृष्ठ ७

## एमाले पनि चोखिएला त ?




काठमाडौं । नेकपा एमालेले सुन तस्करीको विषयमा छानबिन गर्न उच्चस्तरीय संसदीय समिति गठन नभएसम्म संसदको बैठक चल्न नदिने अडान लिएको छ ।

एमालेले लिएको अडानलाई कमजोर पार्न सत्ता गठबन्धन सक्रिए पनि एमाले पछि हटेको छैन । एमालेले सरकारी निकायले गरिरहेको छानबिनलाई चित्त नबुझाउनुको अर्थ के हो भनेर सरकारले प्रश्न गरिरहेको छ । सरकारले पनि एमालेलाई खुशी पार्न नै छानबिन समिति बनाइदिने संकेत गरे पनि समिति बन्न सकिरहेको छैन । यसअघि यस्तै घटनाको छानबिन गर्नका लागि भन्दै बनेका कुनै पनि समितिले काम गर्न सकेका थिएनन् । यो समिति बनाएर जनताका आँखामा छारो हाल्ने काम एमालेले गर्न खोजेको आरोप लगाइएको छ ।

बाँकी पृष्ठ ७







## अर्थ सवाल साप्ताहिकका लागिः

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह–सम्पादक : योगेन्द्र चौलागाईं (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुईंकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

**कार्यालय :**
काठमाडौं. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


## सम्पादकीय

# कहिलेसम्म खुला ठगी ?

आर्थिक वर्ष सुरू भएको पहिलो महिनादेखि नै आम जनताले महंगीको मार खेप्नु परिरहेको छ । अहिले महंगी बढ्नुको कुनै कारण नभए पनि नेपाली बजारमा कायम रहेको कार्टेलिङका कारण खाद्यान्न, तरकारीको मूल्य अप्राकृतिक किसिमले बढ्ने गरेको छ । भारतले धान–चामल निर्यातमा रोक लगाएको समाचार बाहिरिएको एक साता नबित्दै बजारमा चामलको मूल्य ह्वात्तै बढ्यो । यसलाई नियन्त्रण गर्न सरकार असफल रहेको छ । अहिले पनि मूल्य बढिरहेको छ । त्यस्तै यतिबेला तरकारीको मूल्य झण्डै शतप्रतिशत बढेको छ । साउन लागेसँगै नेपालमा चाडपर्वको याम सुरू हुने र हरेक वर्ष यही समयमा तरकारीको भाउले आकाश छुने गरेको छ । पछिल्लो तीन हप्ताको बिचमा काठमाडौंमा हरियो तरकारीको भाउ ७४ प्रतिशतसम्म महँगिएको छ । महंगिए पनि खुद्रा बजारमा मूल्य एकनासको छैन । अधिकांश तरकारीको भाउ थोकमै महँगिएको र खुद्रा बजारमा झन् मूल्य छोइसक्नु नै छैन । व्यवसायीले पसलपिच्छे फरक मूल्यमा बिक्री गरेका छन् ।

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार गएको साउन १६ गते प्रतिकेजी २८ रूपियाँमा थोकमा कारोबार भएको घिउसिमी भदौ ४ गते आइपुग्दा बढेर ११० रूपियाँ पुगेको छ । यो ७४ प्रतिशत बढी मूल्य हो भने खुद्रामा घिउसिमीको मूल्य अहिले बढेर दुईसय भन्दा बढीमा किनबेच भइरहेको छ । बजारमा खुला ठगी भए पनि सम्बन्धित निकाय भने मौन बसेको छ । बजार अनुगमन, नियमन र हस्तक्षेप गर्ने अधिकार आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागको भए पनि विभागले प्रभावकारी रूपमा अनुगमन गरेको देखिँदैन । विभागले तीन/चार वटा समूहले नियमित रूपमा मूल्य अनुगमन गरेर कारबाहीसमेत गर्दै आएको जनाए पनि बजार नियन्त्रणमा आउन सकेको छैन ।

नेपालमा सरकारी संयन्त्र जनताप्रति जवाफदेही नहुँदा बजार कालाबजारियाको कब्जामा पुगेको छ । सामान्य केही समस्या वा घटना भयो कि मूल्य बढाउने प्रवृत्ति रहेको र यसलाई नियन्त्रण नै गर्न सकिएको छैन । पछिल्लो समय कालीमाटीमा पनि तरकारीको भाउ बढेरै आएको छ । यो बढेको भाउ किसानले पाए कि आपूर्तिकर्ता अथवा बिचौलियाले भन्ने खोजीको विषय हो । किसानको खेत–बारीमा अहिले पनि सस्तोमा तरकारी खरीद गरी त्यसलाई कालिमाटीमा महंगोमा बेच्ने र त्यहाँबाट किनेर लैजाने खुदा व्यापारीले अरू महंगोमा बेच्न आम जनताको घरमा तरकारी पाक्नै नसक्ने अवस्था आएको छ ।

अहिले भैरहेको मूल्यवृद्धि सरासर ठगी हो । यो ठगी रोक्न सरकारले गम्भीर कदम चाल्नै चाहेको छैन । स्पष्ट कुरा त के हो भने तरकारीमा बिचौलियाको भूमिका निर्वाह गर्ने र थोक विक्रेता बन्नेहरू राजनीतिक दलमै आबद्ध रहेकाहरू भएकाले सरकारले त्यसबिरूद्ध कुनै कदम चाल्न सक्दैन । कुनै कठोर कदम चाले हड्ताल र नाराबाजी हुने गरेको छ । राजनीतिक सौदावाजीमा जनताको जीवन दैनिक कष्टकर मात्रै बन्दै गैरहेको छ ।

# नेपालमा बढ्दो राजनीतिक भ्रष्टाचार र कारवाहीका कुरा



डा. केशव देवकोटा

नेपालमा आर्थिकमात्र नभएर राजनीतिक भ्रष्टाचारसमेत मौलाएर गएको देखिएको छ । जसको पछिल्लो र ताजा उदाहारण ललिता निवास जग्गा हिनामिना प्रकरण हो । सत्ता र शक्तिमा पुगेकाहरुले आफ्नो अधिकारको दुरुपयोग गरेर राज्यलाई दोहन गरी ब्यक्तिगत लाभ हाँशिल गरेका अनगिन्ती घटनाहरु रहेका छन् । तर पछिल्लो समयमा सत्ता र शक्तिमा पुग्नेहरुले आफूभन्दा पहिलेकाले गरेको राजनीतिक भ्रष्टाचारको संरक्षण गर्ने र त्यसैको जगमा टेकेर आफूले पनि सकेसम्म कुम्ल्याउने प्रवृत्ति बढ्दै गएको छ । भूपु प्रधानमन्त्रीमाथि छानविन हुने होभने आफू पनि कुनै दिन भूपु होइन्छ र छानविनमा परिन्छ भन्ने सोच पालेर बसेकाहरुले यो राज्यको कति दोहन गरेका होलान ? सहजै अनुमान लगाउन सकिने विषय हो ।

यसअघि नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री र मन्त्रीहरुसमेतलाई पक्राउ गरेर थुनामा राखिएको छ भने ललिता निवास प्रकरणमा जिल्ला अदालतले पक्राउ गर्न आदेश गरेका पूर्व उपप्रधानमन्त्री र मन्त्रीहरुलाई समेत पक्राउ गरिएको छैन । नेपालजस्तै ब्राजिलमा पनि आफूलाई कम्युनिष्ट पार्टीको नेता बताउने लुइज इनासियो लुला प्रधानमन्त्री हुनुहन्छ । त्यहाँको सर्वोच्च अदालतले पूर्वराष्ट्रपति जायर बोल्सोनारो र उनकी पत्नी मिचेलले गहना र अन्य सरकारी उपहारहरु हिनामिना गरेको आरोपमा प्रहरीलाई बैंक खाता अनुसन्धान गर्न अनुमति दिएको छ । बोल्सोनारो र उनका पूर्वसहयोगीहरुले आफ्नो कार्यकालमा साउदी अरेबिया र बहराइनजस्ता देशहरुबाट प्राप्त महँगा वस्तुहरु अवैधरुपमा राख्ने र बेच्ने प्रयास गरेको आरोपमा अनुसन्धान भइरहेको छ । त्यसैगरी हालैमात्र पाकिस्तानमा पनि त्यहाँका पूर्वप्रधानमन्त्री इमरान खानलाई भ्रष्टाचारको मुद्धामा तीन वर्षको जेल सजाय सुनाइएको छ । आफूमाथिका आरोपको खानले अस्वीकार गर्दै आएपनि उहाँलाई एक लाख रुपियाँ जरिवानासमेत गरिएको छ । इस्लामावादस्थित एउटा अदालतले राज्यका उपहारहरु विक्रीगर्दा आफूलाई प्राप्त भएको आम्दानी घोषणा नगरेकोमा उहाँलाई दोषी ठहर गरेको हो ।

भारतको केन्द्रीय अनुसन्धान ब्युरोले सन् २०२१ को जुनमा पश्चिम बंगाल सरकारका दुई बहालवाला मन्त्री फिरहाद हकिम र सुव्रत मुखर्जीलाई पक्राउ गरेको थियो । उनीहरुसँगै तृणमूल कांग्रेसका विधायक मदन मित्र र पूर्वमन्त्री शोभन चटर्जीलाई पनि पक्राउ गरिएको थियो । सन् २०१४ मा गरिएको नारद स्टिङ अपरेसनमा उक्त नेताहरुले काल्पनिक कम्पनीका प्रतिनिधिहरुलाई काम मिलाइदिने शर्तमा घूस खाएको सार्वजनिक भएको थियो । भारतको सिबिआईले उनीहरुका विरुद्ध अभियोगपत्र बनाएर अदालतसमक्ष पेश गरेको थियो । तर नेपालमाभने बर्तमानमात्र नभएर पूर्वप्रधानमन्त्री त के मन्त्रीलाई समेत पक्राउ गर्न पनि नहुने भएको छ । माधव नेपाल नेतृत्वको तत्कालीन मन्त्रिपरिषदले ०६६/६७ ताका बालुवाटारस्थित विशिष्ट व्यक्तित्वका निवास विस्तारका नाममा सरकार मातहत समरजंग कम्पनीको स्वामित्वमा रहेको २५ रोपनी पाँच आना तीन पैसा एकदाम जग्गामा गैरकानुनीरुपमा नक्कली मोही खडा गरी भूमाफियालाई सट्टा भर्नादिने निर्णय गरेको थियो । उक्त निर्णय हुनुअघि भौतिक योजना तथा निर्माण र भूमिसुधार मन्त्रालय, भवन विभाग तथा भूमि प्रशासनसम्बन्धी कार्यालयका कर्मचारीबाट कानुनविपरित सट्टाभर्ना र नक्कली मोही कायम गर्न चरणबद्ध निर्णयहरु भएका थिए ।

सो प्रकरणमा तत्कालीन प्रधानमन्त्री नेपाल, उपप्रधान तथा भौतिक योजनामन्त्री विजयकुमार गच्छदार, राज्यमन्त्री सञ्जय साह, भूमिसुधारमन्त्री डम्बरनारायण श्रेष्ठ, मुख्य सचिव माधव घिमिरे, भौतिक र भूमिसुधार सचिव क्रमशः दीपबहादुर बस्न्यात र छविराज पन्त, सहसचिव नारायणगोपाल मलेगोसहितका अधिकारीहरु संलग्न रहेका थिए । त्यसैगरी २०६९ असोज १८ मा डा. बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषदको बैठकले समरजंग कम्पनीका नाममा रहेको करिब साढे तीन रोपनी सरकारी जग्गा गैरकानूनीरुपमा टिकिन्छा गुठीमा लगेर त्यसमा नक्कली मोही कायम गरेको थियो । त्यसपछि गुठी संस्थानले मन्त्रिपरिषदबाट भएको निर्णयले तोकेभन्दा बढी पाँच रोपनी दुई पैसा जग्गा टिकिन्छा गुठीमा कायम गरेको थियो । त्यसको केही सातामै शोभाकान्त ढकाल, रामकुमार सुवेदी र मीनबहादुर गुरुङसहितले नक्कली मोही बनाइएकालाई प्रतिरोपनी छ लाखका दरले रकम दिएर जग्गा आफू र परिवारका नाममा लगेका थिए ।

सरकारी जग्गामा मोही कायम नहुने विद्यमान कानुनविपरीत भूमाफिया र बिचौलियाको दबाब र प्रभावमा मन्त्रिपरिषदबाटै सो निर्णय भएको अनुसन्धानबाट खुलेको छ । तत्कालीन प्रधानमन्त्री डा.भट्टराई, उपप्रधान तथा गृहमन्त्री गच्छदार, भूमिसुधारमन्त्री चन्द्रदेव जोशी, मुख्य सचिव लीलामणि पौडेल, भूमिसुधार सचिव दिनेशहरि अधिकारीसहित गुठी, मालपोत, नापीलगायतका कार्यालयका कर्मचारीहरु त्यसमा मुछिएको पाइएको छ । पञ्चायतकालमा ललिता निवासको २९९ रोपनीमध्ये १४ रोपनी ११ आना जफत र बाँकी मुआब्जा दिएर अधिग्रहण भएकोमा अधिग्रहणलाई पनि जफत भनी ढाँटेर राणा परिवारले ११२ रोपनी चार आना जग्गा हत्याएका थिए । २०६२ मा थप १२ आना जग्गा राणा परिवारले यस्तै प्रपञ्च मिलाएर हडपेको पाइएको छ । राणा परिवारले सरकारी जग्गा आफ्नो बनाउनेक्रममा करिब २२ रोपनी कर्मचारी र बिचौलियालाई घुसबापत दिएको कुरापनि त्यतिबेला नै बाहिर आएको थियो । १४३ रोपनी छआनामा बाँकी रहेको जग्गा पनि हडप्ने योजनाले प्रधानमन्त्री निवास विस्तार र टिकिन्छा गुठीमा जग्गा लैजाने प्रपञ्च रचिएको पाइएको छ । २०४९, २०६२/६३, २०६६/६७ र २०६९ का बिभिन्न मितिमा गैरकानूनी निर्णय गराएर ललिता निवासको जग्गा हडप्ने ४०० भन्दा बढीलाई सिआइबीले पछिल्लो अनुसन्धानमा प्रतिवादी बनाएको छ । जसअनुसार सिआइबीले पूर्वमुख्य सचिव लीलामणि पौडेलसँग गतसाता करिब चारघण्टा लगाएर बयानसमेत लिएको थियो । पौडेलले बयानमा जग्गा हिनामिना गर्ने आफ्नो कुनै नियत र उद्देश्य नरहेको तथा तलबाट आएका फाइललाई मन्त्रिपरिषदमा पेश गर्ने र मन्त्रिपरिषदका निर्णय कार्यान्वयन गर्न मन्त्रालयलाई पठाउनेबाहेक आफू संलग्न नरहेको जिकिर गरिसक्नु भएको छ । अब सो काण्डमा संलग्न रहेको भनिएका सबै सरकारी कर्मचारीले भन्ने भनाई त्यही नै हो । अब सरकारले कि त यसअघि हिनामिना भएका सबै जग्गा छाड्नु पर्‍यो, किभने सो जग्गा हिनामिना गर्न नीतिगत निर्णयगर्नेहरुमाथि कारवाही गर्नुपर्‍यो । होइनभने बिभिन्न समयमा आउने प्रधानमन्त्रीहरुले सिंहदरबारसमेत बाँकी राख्ने छैनन् ।

बहुचर्चित ललिता निवास जग्गा हिनामिना प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले १३२ रोपनी जग्गाको मूल्य बराबर बिगो दाबी गरेर १०० भन्दा धेरैलाई प्रतिवादी बनाएको समाचार बाहिर आएको छ । उसले सोअनुसार सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदनसमेत बुझाएको बताइन्छ । जसमा कर्मचारी र अन्यलाई अभियुक्तलाईमात्र मुख्य प्रतिवादी बनाइएको छ । भनिन्छ सिआइबीले प्रतिवादी बनाइएकाविरुद्ध करिब १० अर्ब रुपैयाँबराबरको बिगो दाबी पनि गरेको छ । बिगो दाबी गरिएको रकम हिनामिना गरिएको १३२ रोपनी जग्गाको मूल्य बराबरको मात्र हो । ललितानिवास क्याम्पभित्रको करिब १४३ रोपनी जग्गा हिनामिना गरिएको भनिएको छ । ललिता निवास जग्गा प्रकरणमा सर्वोच्च अदालतले गत साउन २१ गते दिएको आदेशअनुसारको अनुसन्धान नभएकाले अब अदालतले त्यसलाई कसरी लिन्छ ? त्यो हेर्न बाँकी नै छ । सर्वोच्चले प्रधानमन्त्री निवास रहेको बालुवाटारको सरकारी जग्गा व्यक्तिको नाममा पुर्‍याउन मन्त्रिपरिषदबाटै भएका बिभिन्न निर्णयमाथि छानबिन गर्न आदेश दिएको हुनाले पूर्व प्रधानमन्त्रीहरुमाथि छानविन र कारवाही नगरी उक्त प्रकरणमा कसैलाई पनि कारवाही गर्न नमिल्ने/नसकिने अवस्था सिर्जना भएको छ ।

प्रस्तावक र निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष संलग्न हुनेहरुमाथि पनि छानबिन गर्न सर्वोच्चले भनेको हो । सर्वोच्चले आफ्नो आदेशमा प्रधानमन्त्री निवासको जग्गा भूमाफियाको नियन्त्रणमा पुर्‍याउने गरी भएको घटनामा चारवटा मन्त्रिपरिषदका निर्णयलाई नोटिसमा लिएको पाइएको छ । जसमध्ये तीनवटा निर्णय माधव नेपाल मन्त्रिपरिषद्ले गरेको थियोभने एउटा निर्णय बाबुराम भट्टराईको मन्त्रिपरिषद्ले गरेको थियो । सिआइबीले आफ्नै कार्यालयमा पुगेका पूर्वमन्त्रीलाई पनि फरारको सूचीमा राखेर र पूर्व प्रधानमन्त्रीहरुको भनाईको सामान्य नोटमात्र राखेर सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएका कारण विवाद झन गाँठो परेको छ । राष्ट्रको ठुलो नोक्सान भएको छभने जनअसन्तोष तीब्रभएको छ । त्यसैगरी सिआइबीको बिश्वसनीयता गुमेको छ । यसले राम्रो परिणति ल्याउने देखिएको छैन ।

# सहकारी विकासको ठोस कार्यक्रम ल्याउ



बिष्णु गिरी 'निश्चल'

**सरकारले अबलम्बन गरेको तीन खम्बे अर्थनिति र देशको आर्थिक मेरुदण्डको रुपमा रहेको सहकारी अभियानलाई सफलतातर्फ उन्मुख गर्ने जिम्मेबारी अहिलेको आवश्यकता हो**

आर्थिक मन्दीको मारमा सहकारी क्षेत्र पनि अछुतो रहन सकेको छैन । पछिल्लो समय सहकारीमा संकट छ भनेर प्रचार गरिएजस्तो संकट छैन । केही सहकारीहरु भागेका समाचार पनि हामीले सुनेका छौ यतिमात्र हैन सहकारीले रकम फिर्ता गरेनन् भनेर माईतिघर मण्डलामा आन्दोलनसमेत भयो तर सहकारीको वास्तबिकता भनेको सहकारीको सदस्यले लगेको ऋण समयमा फिर्ता नगरेर भएको हो । राज्यको पनि सहकारी विकाससम्बन्धी ठोस कार्यक्रम ल्याउन नसक्दा यस्तो समस्या भएको हो ।

सरकारले पनि सहकारीमा भएको बचत फिर्तालाई मात्र प्राथमिकता दिएर कार्य गर्दा समस्या घटनुको सट्टा बढेको हो । तर, सदस्यले लगेको ऋण फिर्तालाई पनि उतिकै प्राथमिकतामा राखेर कार्यक्रमहरु ल्याएको भए सहकारीमा कुनै प्रकारको समस्या उत्पन्न हुने नै थिएन । थोरै थोरै बचतबाट चलेको सहकारीमा एकै पटक रकम फिर्ता गर्नु पर्दा समस्या उत्पन्न भएको मात्र हो ।

मुलुकमा सहकारीको सुरुवात २००७ भएको मानिए पनि २०१० सालमा सहकारी विभागकै स्थापना भएको पाईन्छ । सहकारीको सुरुवात भने २०१३ मा चितवन जिल्लाको बखान सहकारीबाट सुरु भएको हो । यो सँगै २०१६ सालमा प्रथम सहकारी ऐन जारी भएको थियो । सहकारी विभागका अनुसार झण्डै ५० हजारको हाराहारीमा सहकारी छन यसमा पनि सम्पूर्ण जिल्लाहरुमा जिल्ला संघ, विषयगत जिल्ला संघ र केन्द्रमा विषयगत केन्द्रीय संघ र राष्ट्रिय संघहरु स्थापना गरेका छन् । सहकारीले वित्तीय पहुँच अभिबृदि गर्नुका अतिरिक्त नेतृत्व विकास, सामाजिक एकीकरण, उद्यमशिलता प्रवर्द्धन, सामुदायिक सशक्तिकरण तथा गरिबी निवारणमा योगदान गर्दै आएको छ ।

सहकारीहरुको कार्यक्षेत्र सीमित र सानो रहेको छ । सहकारीमा निश्चित कार्यक्षेत्र तथा समुदायका मानिसहरु सदस्य रहेका हुन्छन् । सहकारी ऐन २०७४ मा कारोबार प्रकृतिअनुसार सहकारी संस्थाहरुलाई वर्गिकरण गरिएको छ । सरकारले अबलम्बन गरेको तीन खम्बे अर्थनिति र देशको आर्थिक मेरुदण्डको रुपमा रहेको सहकारी अभियानलाई सफलतातर्फ उन्मुख गर्ने जिम्मेबारी अहिलेको आवश्यकता हो । सहकारीमा आएको संकटको समाधान गर्न पनि सरकार र सरोकारवाला निकाय जिम्मेबार बन्नु पर्छ । सहकारी सदस्यको सक्रिय सहभागितामा सञ्चालन हुने व्यवसाय हो । सहकारीलाई संस्थागत रुपमा बलियो, सुशासनयुक्त र व्यावसायिक रुपमा सञ्चालनका लागि सहकारी शिक्षासंगै उद्यमशिलताका विषयमा सचेत बनाउनु पर्दछ । सहकारीलाई राम्रो बनाउने मात्रै होइन, संकटमा जोगाउने पनि सदस्य हुन ।

अर्थतन्त्रमा आएको संकुचनसगै सन्दर्भ व्याजदरको क्यापिंग र ऐनका प्रवर्द्धनात्मक प्रावधानहरु कार्यान्वयन नहुनाका कारण वर्तमान समयमा सहकारीमा केही समस्या देखिएको हो । हाम्रो देश नेपालमा पनि करिब आधा जनसंख्याको पहुच सहकारीमा छन् । तर सिद्धान्तविहिन सहकारी वास्तविक रुपमा सहकारी हुन सक्दैन । विश्वविद्यालयमा सहकारी अर्थव्यवस्थाको विषयमा अनुसन्धान गर्ने र गराउने कार्य गर्नु पर्छ जुन आजसम्म हुन सकेको छैन । हाम्रो मुलुकको अर्थव्यवस्थाको खम्बा नीजि, सरकारी र सहकारी हुने भनिएको छ । अर्थतन्त्रको खम्बामा सहकारीलाई राखिएता पनि सहकारीको बिकासको लागि कुनै ठोस कार्यक्रम आएको देखिदैन । तरलता अभावले अहिले बैंक, वित्तीय संस्था तथा सहकारीहरुले लगानी रोकेको अवस्था छ ।

सानो सानो रकम विनाधितो लगानी गरेर सदस्यहरुलाई थप पूँजी गर्नको लागि सहकारी उत्तम माध्यम भएको सदस्यहरुको बुझाई रहेको छ । प्रत्यक्ष सदस्यहरुसँग कारोबार गर्दै आएको सहकारी भएको हुँदा सहकारी प्रति सदस्यहरुको विश्वास र भरोसा पनि बैंक तथा वित्तीय संस्थाभन्दा बढी पाउन सकिन्छ । कोरोनाको कहरको बेला होस् की तरलता अभाव भएको बेला होस् या अन्य कुनै विपत्तिमा सदस्यहरुको हितमा सहकारी रहने गर्दछ । सदस्यहरुलाई बचत गर्ने बानीको विकास सहकारीले घर घरमा पुगेर गराउने गरेको छ । आफुले लिएको ऋण, आफ्नो बचत आफैले सुरक्षित गर्ने हो । तरलता अभाव भएता पनि सहकारी क्षेत्र फेरि उठ्ने छ । सदस्यहरुको बचत सदस्यहरुमै ऋण लगानी गरिएको हुँदा स्वंयम सदस्यहरु नै संस्थाको दीर्घकालीन विकासको मेरुदण्ड रहेको हुँदा संस्थामा नियमित कारोबार गरौं ।

आर्थिक कारोबार गर्दै सदस्यहरुलाई बचत गर्ने बानीको विकास, ब्याजको गणना साथै वित्तीय साक्षरता र सहकारी शिक्षाले सदस्यहरुमा सहकारी प्रतिको आकर्षण बढ्दो छ । दैनिक जसो ऋण तिर्दा ऋण तिरेको भान नै नहुने पनि सदस्यहरुको राय छ । अहिले बजारमा तरलताको अभाव भएता पनि सहकारी संस्थाहरुले सदस्यहरुसँग दैनिक बचत साथै ऋण असुलीले पनि सहकारी संस्थाहरुमा तरलता खासै अभाव भएको छैन । सदस्य सदस्य बिच बचत र ऋणको कारोबार गरिदा सदस्यहरु सचेत रहनु पर्दछ । कोरोनाको कहरले कयौं व्यापारीहरुलाई घरबारविहिन बनायो होला त कयौंले व्यापार व्यवसाय गुमाएको अवस्था छ । तर, स्थानीय स्तरमा सानो सानो ब्यापारको ढोका खोल्न सहकारी नै हुन त्यसैले सहकारीमा आएको संकट केही दिनको लागि हो यो चाडै समाधान हुनेछ । बचतकर्ताले जसरी सहकारीमा जम्मा गरेका छन् त्यसैगरी ऋण लिएका सदस्यहरुले पनि समयमै आफ्नो सावा र ब्याज रकम सहकारीमा जम्मा गर्ने हो भने सहकारीमा कुनै प्रकारको समस्या छैन । बचत र्फिर्तालाई मात्र जोड दिएका छौ । ऋण लिएकाहरुलाई पनि समयमै यसलाई फिर्ता गर्न सहकारीमा आवद्ध सदस्यहरुले नै पहल गरे सहकारीमा कुनै समस्यमा छैन । त्यसै सरकारले सहकारीलाई तीन खम्बा अर्थनितिमा एउटा खक्बा मानेको हैन सबैले बुझ्न जरुरी छ ।

संकटभित्र समाधान पनि हुन्छ त्यो खोजी गर्न सरोकारवाला निकाय लाग्नु पर्छ र सहकारी बचाउन स्थानीय, प्रदेश र संघीय सरकारको पनि हो यसको लागि सहुलियत दिनुपर्छ र सहकारीसम्बन्धी जुन प्रकारका् भ्रम छन् ती हटाउनको लागि राज्य स्तरबाटै लाग्नु पर्छ स्वयम् सहकारीकर्मीहरु पनि लाग्न सकेको खण्डमा सहकारी वास्तबमा देशको अर्थतन्त्रको एउटा खम्बा बन्न सक्छ ।

*(लेखक : अधिवक्ता हुनुहुन्छ ।)*

# छद्मभेषी निरंकुशतन्त्र रहेसम्म देशको अवस्था सुधार्न असम्भव



गोविन्द अधिकारी

पुराना भनिएका राजनीतिक दलका नेताहरुले मुलुकको आर्थिक क्षेत्रमात्र तहसनहस पारेनन् त्योसँगै संविधान सेना, कानुन, नियम र नीतिसमेत तहसनहस पारिरहेका छन् । भदौ महिना लागिसक्यो तर आजसम्म पनि विकासका लागि विनियोजित रकम अर्थमन्त्रालयले निकासा गरेकै छैन भन्ने गुनासो सरोकारवालाहरुको छ ।

श्रावणमा नै निकास गरिनुपर्ने त्रैमासिक बजेट भदौमा पनि निकाशा हुँदैन भने काम सुचारु गर्ने कुरा पनि भएन । कार्त्तिकदखि त झन् वर्किङ होलिडे नै गरिदिए हुन्छ भन्ने धेरैको भनाई छ त्यसतर्फ सरकार सधैं उदासीन छन् । बरु उनीहरु संसद अवरुद्ध पारेर आ-आफ्ना हठमा अडिग रहिरहेका छन् । साँच्चै शासन प्रशासन यसरी नै चल्छ ?

लोकतन्त्रमा सबै समान हुन्छन् भनिन्छ। तर खुलाएका भ्रष्टाचारका फाइलहरुमा ठूलाबडाहरु कारवाहीमा नपर्ने गरी मुद्दा गरिँदैछ भन्ने व्यापक चर्चा छ । भ्रष्टाचार गराउनेले मुक्ति पाउने र गरिदिने मात्र फसाइने यो कस्तो न्याय हो ? शक्तिमा पुगेपछि र पुगेकाहरुले जस्तै अपराध गरे पनि सातखत माफी हुने व्यवहारले संवैधानिक समानतालाई उल्टो लोप्पा खुवाइरहेको छ । यसरी कुशासन संस्थागत गर्दै जानेहरुबाट सुशासनको देश र जनताले कसरी प्रत्याभूति गर्लान ? आखिर 'वडाले जे गर्यो हुन्छ त्यो सर्वसम्मत' भन्ने भनाई चरितार्थ गर्नेहरुबाट नै मुलुक भताभुङ्ग र लाथालिङ्ग भइरहेको छ ।

संघीय सरकार जसरी तथानाम गरिरहेको छ प्रदेश सरकारहरु पनि त्यसै गरिरहेका छन् । प्रदेश सरकारको तथानामको उदाहरण हालसालै कोशी प्रदेशले पेश गरेको छ । संवैधानिक प्रावधान मिचेरै भए पनि आफ्नो नीहित स्वार्थ पूर्ति गर्न विश्वासको मत लिने काम प्रदेश सरकारले गरेको छ। आखिर मनपरी शासन नै सञ्चालन गर्ने हो भनें हात्तीको देखाउने दाँतजस्तो कागजको खोस्टोको औचित्य नै के छ र ? यो बाह्र महिने गाईजात्रा कहिले सकिने हो थाहा छैन । मुलुक भनें दिन- प्रतिदिन वर्वादीको दिशा पछ्याईरहेको छ ।

संविधान उल्लंघन गर्नेहरुले अदालतको आदेशलाई चुनौती दिने कार्य अस्वभाविक हुँदै होईन । त्यसैले त अदाललतको आदेशविपरीत पूर्वप्रधानमन्त्रीद्धय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराइलाई उन्मुक्ति दिइने भएको छ । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचारको फाइल खोलेर कारवाही अगाडि बढाए भनेर नेपाली कांग्रेसका सभापति उनलाई हटाउन प्रधानमन्त्रीलाई दबाव दिइरहेका छन् भनिँदैछ । त्यस्तै दबाव प्रतिपक्ष दलहरु पनि दिइरहेका छन् । सम्भवत डा. अरजु देउवाविरुद्ध पनि कारवाही हुन्छ भन्ने चिन्ता देउवालाई हुन सक्छ। प्रतिपक्ष दलका नेता के.पी शर्मा ओली पनि कारवाहीमा तानिँदैछन् । त्यसैले ओलीलाई पोल्ने नै भयो ।

कारवाही पनि विचित्रकै छ किनभने १५ हजार नेपालीको लासको भऱ्याङ चढेर र रगतमा पौडी खेलेर सत्तामा पुगेका पुष्पकमल दाहाल उर्फ प्रचण्ड स्वयम् अपराधी हन् । एउटा अपराधीले अर्को अपराधीलाई कारवाही गर्न हास्यास्पद अवस्था नै हो । कारवाही पनि भेदभावजन्य पो गरिँदैछ। अनेक अपराध गरेर पनि अपुग भएकैले हुन सक्छ हालसालै पनि बाबुछोरा नै मिलेर सुन काण्ड मच्चाएका कृष्ण बहादुर महरालाई बयानमा सम्म बोलाउन पनि कठिन भयो । जनार्दन शर्मा र वर्षमान पुनलाई बोलाउने त कुरै भएन आफ्नो आङको भैंसी नदेख्ने अर्काको आङको जुम्रा देख्नेले गरेको कारवाही कति विश्वसनीय होला ।

केही समय अगाडिसम्म त अपराध लुकाउन देउवा, दाहाल र ओलीको चोचोमोचो मिलिरहेकै थियो । तर पूर्वाग्रह र प्रतिशोधका कारणले गिरीबन्धु टी स्टेट काण्डको छानविन गर्ने भन्नेबित्तिकै ओली तर्सिएका छन् । ओलीको गिरीबन्धु टि स्टेटको फाइल खोलेपछि शेरबहादुर देउवाको वाईडबडी जहाज खरिद प्रकरणको ४ अर्ब ३५ करोड हिनामिनाको फाइल पनि खोल्नैपर्ने हो तर देउवाको फाइल खोल्नेबित्तिकै प्रधानमन्त्री दाहालको पद जाने हुनाले हिम्मत नै गर्न सकेका छैनन् ।

नैतिकता, इमानदारिता र विवेकको खडेरी त नेताहरुमा मात्र परेको छैन, शासन प्रशासन दुबैतिर परेको छ । यदि नैतिकता, विवेक र ईमानदारिताको खडेरी नपरेको भए बाबुहरुले नै छोराहरुलाई अपराध कर्ममा प्रोत्साहित गर्ने नै थिएनन् । यतिबेला पनि प्रधानमन्त्री दाहाल उर्फ प्रचण्ड छोरी गंगा दाहालमार्फत भ्रष्टाचार गराइरहेका छन् भनें भौतिक पुर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला छोरा सन्तोषमार्फत भ्रष्टाचार गराइरहेकै छन । यसअर्थमा त भ्रष्टाचार समेत पुस्तान्तरण हुँदै गइरहेको छ। त्यही अर्थमा भन्ने हो भने संस्थागत त प्राप्त उपलब्धि होइन भ्रष्टाचार पो भएको छ । साँच्चै भन्ने हो भनें अधिनायकवादको छायाँ परेर हो कि नैतिकता, विवेक र इमानदारिताको खडेरी परेर हो अदालतसमेतको व्यवहार भेदभावजन्य नै छ। प्रधानमन्त्री पुष्पकमल दाहाल र पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईविरुद्ध १७ हजार नेपालीको हत्या गरेको र बालसेना प्रयोग गरेको अभियोगमा मुद्दा दर्ता गरिएको दुई तीन महिना बित्न लागिसकेको छ तर कारवाही भने अगाडि बढाउने हिम्मत अदालतले गर्न सकिरहेको छैन। अब नवनियुक्त प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठले हिम्मत गरेमात्र अन्यथा ती मुद्दा थाँती नै रहिरहने कुरामा कुनै द्विविधा छैन ।

यो देशमा बरु राष्ट्रिय ढुकुटी टाट पल्टियो तर निरंकुशतन्त्र भने जाग्दो छ । पछिल्लो छद्मभेषी निरंकुशतन्त्र त झन खतरनाक छ । एउटा राजाको शासनलाई निरंकुश भन्न जति सजिलो थियो त्यति नै सजिलो हजार जना लुटेराहरुको निरंकुशतन्त्रलाई निरंकुश भन्न सजिलो छैन र भएन । यसअर्थमा एउटा राजा तह लगाउन नसक्ने हामी नालायक नेपालीहरुले हजारौं लुटेराहरुको निरंकुशता निर्मूल पार्ने सामर्थ्य राख्ने कुरै भएन। बरु देशकै अस्तित्व मेटिएला तर नेपालबाट निरंकुशतन्त्रको अन्त्य सम्भव छैन किनभने छदमभेषी निरंकुशतन्त्र अन्त्य गर्न सजिलो छैन ।

# आयल निगम सर्वाधिक नाफा गर्ने संस्थान





काठमाडौं । दुई आर्थिक वर्ष नोक्सानी खेपेको आयल निगम गत आवमा अन्तर ाष्ट्रिय बजारअनुसार नेपालमा पेट्रोलियमको मूल्य नघटाउँदा चर्को नाफा आर्जन गर्न सफल भएको छ। सरकारको पूर्ण तथा आंशिक लगानीमा सञ्चालित ४२ मध्ये केही संस्थान मात्रै नाफामा गएर सरकारलाई लाभांश दिन सक्षम भएका छन् ।

गत आर्थिक वर्ष ०७९/८० मा सबैभन्दा धेरै नाफा गर्ने सार्वजनिक संस्थानको सूचीमा आयल निगम लिमिटेड पहिलो भएको छ। दोस्रो स्थानमा विद्युत् प्राधिकरण रहेको छ । गत आर्थिक वर्षको असोजदेखि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ नियमित रूपले घटेको थियो । तर, निगमले अन्तर्राष्ट्रिय बजारअनुसार नेपाली बजारमा मूल्य समायोजन नगरी चर्को नाफा राखेका कारण हाल सञ्चालनमा रहेका ४२ संस्थानलाई उछिन्दै निगम सबैभन्दा धेरै नाफा गर्न सफल भएको हो ।

आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीका अनुसार निगमले गत आवमा १८ अर्ब रुपैयाँ नाफा गरेको छ । नाफा भएको सबै रकम अघिल्लो आव ०७८/७९ को ऋण र बक्यौता तिर्न खर्च भएको पनि उनले बताए। 'आयल निगमले गत आवमा चर्को मुनाफा राख्नैपर्ने बाध्यता थियो । किनभने त्यसअघिको वर्षमा अन्तर्राष्ट्रिय बजारमा ठूलो अन्तरले मूल्य बढे पनि नेपाली बजारमा सोहीअनुसार समायोजन गर्न नपाउँदा निगमलाई ४८ अर्ब ९५ करोड नोक्सान भएको थियो,' कार्यकारी निर्देशक थानीले भने, 'सो नोक्सानी भर्पाई गर्नकै लागि गत आवमा नाफा गरिएको यथार्थ उपभोक्ताले पनि बुझ्नुभएको छ ।'

आयल निगमले गत आवमा गरेको नाफा कुनै एक आर्थिक वर्षमा आर्जन गरेको हालसम्मकै दोस्रो ठूलो रकम हो। यसअघि आव ०७२/७३ मा निगमले १९ अर्ब ३६ करोड नाफा आर्जन गरेको थियो । त्यतिखेर पनि नाफाबापतको रकम ऋण तिर्न प्रयोग गरिएको थियो ।

गत आवमा दुई खर्ब ८१ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको निगमले जनाएको छ । जुन, अघिल्लो वर्षको तुलनामा १३ प्रतिशत कम हो । पेट्रोलियम पदार्थमा लगाइएको स्थिर कर नीतिका कारण गत आवमा निगमले एक खर्ब १० अर्ब रुपैयाँ राजस्व बुझाएको थियो ।

आव ०७८/७९ सम्म निगम १७ अर्ब ८१ करोड रुपैयाँ सञ्चित नोक्सानीमा थियो। तर, गत आवमा आर्जन गरेको नाफाले संस्थालाई सञ्चित नाफाको स्थितिमा समेत पुऱ्याएको छ ।

# उत्कृष्ट सहकारी सिइओको सम्मान श्रेष्ठलाई



काठमाडौंको चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था लि. का कृष्ण कुमार श्रेष्ठ देशभरकै सहकारी मध्येको उत्कृष्ट सिइओको रुपमा छनोट भएका छन् । हालै काठमाडौंमा सम्पन्न नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन)ले आफ्नो ३६ औं वार्षिकोत्सवको अवसरमा देशभरकै सहकारीमध्येको उत्कृष्ट सिइओको रुपमा छनोट गरेको हो । नेफ्स्कुनले छिटै नै एक औपचारिक कार्यक्रम गरी श्रेष्ठलाई सम्मान गर्ने जनाएको छ ।

सहकारी क्षेत्रमा करिब साढे दुई दशकभन्दा बढी अनुभव बटुलिसकेका श्रेष्ठले सहकारी क्षेत्रमा आफुलाई महासारथिको रुपमा स्थापित गराउन सफल भएका हुन् । सहकारी विषयका विभिन्न कार्यक्रम गोष्ठी शिक्षा संचालन गर्दै आइरहेका श्रेष्ठले सहकारी विषयमा प्रशिक्षणसमेत दिने गरेका छन् । उत्कृष्ट सिइओको रुपमा छनौट भएसँगै सहकारी क्षेत्रमा एउटा सिंगो खम्बाको रुपमा उभिन सफल कुशल व्यवसायी, मिलनसार र सहयोगी स्वभावका श्रेष्ठ यतिबेला सहकारी मिडियाहरुमा छाउन पनि थालेका छन् ।

# निर्देशक बबिता श्रेष्ठको संयोजनमा समाजको दोश्रो वार्षिकोत्सव सम्पन्न



काठमाडौं । नेपाल म्युजिक भिडियो निर्देशक समाजको दोश्रो वार्षिकोत्सवको अवसरमा संगीतकार शम्भुजीत बासकोटालाई 'आलोक-सुरज स्मृति सम्मान' बाट सम्मानित गरेको छ। नेपालमा पहिलो म्युजिक भिडियो निर्देशन गरेर भिडियोको यात्रा शुभारम्भ गर्दै नेपाली गीतसंगीत र म्युजिक भिडियोको विकासमा अतुलनीय योगदान दिएको भन्दै बासकोटालाई सम्मान गरेको कुरा कार्यक्रम संयोजक तथा चर्चित म्युजिक भिडियो निर्देशक बबिता श्रेष्ठले बताएकी छन् । जमलस्थित नाचघरमा संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्री सुदन किरातीको प्रमुख आतिथ्यतामा सम्पन्न सो सम्मान तथा विविध सांस्कृतिक कार्यक्रममा संगीतकार बासकोटासहित विभिन्न गीति भिडियो निर्देशकलाई सम्मान गरिएको थियो ।

नेपाल म्युजिक भिडियो निर्देशक समाजका कार्यवाहक अध्यक्ष देवेन्द्र पाण्डेको सभापतित्वमा भएको सो कार्यक्रममा विशेष सम्मानबाट लोकगायक प्रेमराजा महत, गीति भिडियो सम्पादक प्रकाश तुलाधर, गीति भिडियो छायांकार धिरजजङ्ग शाह, गीति भिडियो निर्देशक शंकर बिसी र गीति म्युजिक भिडियो महिला निर्देशक अनुपा श्रेष्ठ, जनजातिखबरका संरक्षक विजयरत्न तुलाधरलाई पनि सम्मानित गरिएको छ । सोही समारोहमा गीति भिडियो तथा चलचित्र निर्देशक तथा प्रतिनिधिसभा सांसद असिम शाह, गायक दुर्गेश थापा, कलाकार सागर लम्साल 'बले', गायक सजिब सिह राना, गायक ओम सुनार, अभिनेता तेज गिरी, गायक नरेश बुढाथोकिलाई मानर्थ सदस्य सम्मानबाट सम्मानित गरिएको थियो भने गायक दिपेश श्रेष्ठ बैध र मौलिक थाली नृत्यांगना एलिजिबा पुर्जा पुनलाई सल्लाहकार सदस्यबाट सम्मानित गरिएको थियो । सम्मान समारोहमा विभिन्न स्रष्टालाई पनि सम्मान गरिएको थियो जस्तै मोडेल सुमन खतिवडा, गायक निमा पाखीन लामा, गायिका पल्मु शेर्पा, गायिका शान्ति कुमारी शाही, गायिका दिपा रावल, दावा लामा, जेविन, जिभेस श्रेष्ठ लगायतलाई सम्मान गरिएको थियो भने कार्यक्रममा नृत्य एवं विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

अग्रज गायक आनन्द कार्कीसहित गायक गायिका यस कुमार, प्राश्ना शाक्य, जुनु रिजाल काफ्ले, रामजी खाँडले गीत प्रस्तुत गरे भने यस्तै गायक अभिनेता दुर्गेश थापा, बालकलाकार जेविन र जेविश श्रेष्ठले पनि कार्यक्रममा विशेष प्रस्तुति दिएका थिए। कार्यक्रम सफल पार्नकालाई कार्यसमितिका पधादिकारीहरुको पनि ठुलो भुमिका रहेको छ। उपाध्यक्ष निशान घिमिरे, महासचिव सुब्रतराज आचार्य, सचिव प्रकाश धिताल, सहसचिव समन अधिकारी, सहकोषाध्यक्ष डि.आर सुजन, सदस्य जनक सिंह, गम्भीर बिष्ट, सुरेन्द्र बस्याल, देवेन्द्र कुवर, देवराज आचार्य र कृष्ण रुपाखेती लगायतको कार्यक्रम सफल हुनुमा अहं भूमिका रहेको कार्यक्रम संयोजक बबिता श्रेष्ठले बताइन ।


पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महेश खरेल
नगर प्रमुख

सुर्य माया दनुवार
उप– प्रमुख

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत



गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

शर्मिला बिसुराल
उपाध्यक्ष

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## गरिमा विकास बैंकले ल्यायो सरल घर कर्जा




काठमाडौं । गरिमा विकास बैंकले 'आफ्नै घर-आफ्नै व्यवसाय' को सपनालाई साकार पार्ने उद्देश्यसहित ११.९९ प्रतिशत ब्याजदरमा गरिमा सरल घर कर्जा र गरिमा सरल एसएमई आवधिक कर्जा सार्वजनिक गरेको छ । कर्जा सम्बन्धी सम्पूर्ण कागजात पेश गरेको २ कार्यदिनभित्र स्वीकृत हुने गरिमा सरल घर कर्जा र गरिमा सरल एसएमई कर्जाको ब्याज ७ वर्षसम्म निश्चित ११.९९ प्रतिशत रहने छ । ११.९९ प्रतिशतको निश्चित तथा आर्कषक ब्याजदरमा घर खरिद वा निर्माण गर्नको लागि गरिमा सरल घर कर्जा र व्यवसाय/उद्यम सुरुवात वा विस्तार गर्ने प्रयोजनको लागि गरिमा सरल एसएमई आवधिक कर्जा सुविधा लिन इच्छुक ग्राहकहरुले आफूलाई पायक पर्ने बैंकको शाखा कार्यालयमा सम्पर्क गर्न सक्ने जनाइएको छ ।

## प्रभु क्यापिटल लिमिटेडका ग्राहकलाई गुह्येश्वरी डेन्टलमा छुट



काठमाडौं । प्रभु क्यापिटल लिमिटेड र गुह्येश्वरी डेन्टल मल्टीस्पेसियालिटी एन्ड इम्प्लान्ट हबबीच छुट सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत आशिष गौचन र डेन्टलको तर्फबाट सञ्चालक दिपेश गोर्खालीले हस्ताक्षर गरेका हुन् । सम्झोतापछि क्यापिटलका ग्राहकहरूले डेन्टलमा सेवा लिँदा १५ प्रतिशत छुट पाउन सक्छन् ।

यो योजनाबाट लाभ लिन ग्राहकहरूले बिल पेमेन्ट गर्दा प्रभु क्यापिटल लिमिटेडमा हितग्राही खाता रहेका जानकारीसहित खाता नम्बर डेन्टललाई उपलब्ध गराउनु पर्नेछ । यो अफरको लाभ क्यापिटलका ग्राहकले छुट सम्झौता भएको मितिबाट १ वर्ष सम्म लिन सक्नेछन् ।

## रावा बैंकका कार्ड होल्डरलाई ॐ हस्पिटलमा छुट

काठमाडौं । राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालि चाबहिलबीच बैंकका डेबिट-क्रेडिट कार्ड होल्डरलाई हस्पिटलमा उपचार गर्दा विशेष छुट दिने सम्बन्धमा सोमबार सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र हस्पिटलका प्रमुख कार्यकारी अधिकृत यमबहादुर महतले हस्ताक्षर गरेका हुन् । सम्झौता पश्चात बैंकका डेबिट-क्रेडिट कार्ड भएका ग्राहक तथा बैंकका कर्मचारी र कर्मचारीका परिवारलाई हस्पिटलको ओपिडि सेवा, बेड भर्ना, ल्याब टेस्ट, अपरेशन, प्याथोलोजी, फार्मेसी, विभिन्न टेस्ट, डेन्टल सेवा लगायतको अन्य उपचार सेवामा विशेष छुट दिने ब्यवस्था मिलाइएको छ । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले पुरानो र प्रतिष्ठित हस्पिटलमा बैंकका कार्डहोल्डर ग्राहकले उपचारमा छुट पाउनु सकारात्मक भएको बताए । उनले दुवै सस्थाले एक अर्कामा आफ्नो सेवा सहुलित दरमा उपलब्ध गराउन सकिने सम्भावना रहेको बताए । हस्पिटलका प्रमुख कार्यकारी अधिकृत



यमबहादुर महतले निरन्तर स्तरिय स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको हस्पिटलले एकै छानामुनी आकस्मिक उपचार देखी सघन उपचार अनि पेन मेडिसिन लगायत अन्य ३७ वटा भन्दा बढी विषयहरुमा विशेषज्ञता सेवा उपलब्ध गराउँदै आईरहेको र सो सेवा वाणिज्य बैंकसँग सहकार्यगरी अगाडि बढ्न पाउँदा खुशी लागेको बताए ।

## मुक्तिनाथ क्यापिटल र गुरु ट्राभल्सबीच सम्झौता



काठमाडौं । मुक्तिनाथ क्यापिटल लिमिटेड र गुरु ट्राभल्स लिमिटेडबीच व्यवसायिक सहकार्य गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको छ । क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कविन्द्रध्वज जोशी तथा ट्राभल्सका प्रमुख कार्यकारी अधिकृत नवराज धरेलले सो सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सहमति अनुसार मुक्तिनाथ क्यापिटलले डिम्याट खाता सञ्चालन, पोर्टफोलियो मेनेजमेन्टलगायतका सेवा सुलभ दरमा प्रदान गर्ने तथा गुरु ट्राभल्सका सेवाअन्तर्गत युरोप, एशिया तथा अन्य गन्तव्यका प्याकेजमा विशेष छुट तथा सुविधा प्रदान गर्ने बताइएको छ ।

व्यावसायिक सहकार्यका अतिरिक्त सामाजिक अभियान तथा संस्थागत सामाजिक क्रियाकलापमा आपसी सहकार्य गरी समन्वयात्मक ढंगबाट गर्ने गराउने पनि सहमति भएको छ ।

## कामना सेवा विकास बैंकको नयाँ निक्षेप योजना

काठमाडौं । कामना सेवा विकास बैंकले नयाँ निक्षेप योजना सार्वजनिक गरेको छ । पारिवारीक सम्बन्ध मजबुत बनाउँदै आफ्ना प्रियजनमा खुशी र आफ्नोपन सञ्चार गर्न बैंकले 'तिम्रै लागि' मुद्दति र बचत खाता सार्वजनिक गरेको हो । पछिल्लो समय आफन्त र पारिवारिक सम्बन्धको महत्वलाई लिएर विभिन्न पर्व, उत्सव तथा दिवसमा उपहार दिने प्रचलन बढेकोमा यस्ता उपहार कुनै अफ्ठेरो अवस्थामा प्रयोग गर्न सकिने तथा आर्थिक सहयोगको समेत आभास हुने गरी उपहारको नयाँ परम्पराको शुरुवात गर्न नयाँ निक्षेप योजना ल्याएको बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले जानकारी दिए ।

न्युनतम १० हजारमा खाता खोल्न सकिने मुद्दति खातामा




मासिक रुपमा ब्याज प्राप्त गर्न सकिने बैंकको भनाइ छ । उक्त खाता खोल्दा बैंकको मोबाइल तथा इन्टरनेट बैंकिङ, लकर सुविधा र डेविट कार्ड निःशुल्क प्राप्त गर्न सकिने छ । उक्त मुद्दति खातामा रहेको मौज्दातको ९० प्रतिशतसम्म कर्जा सुविधा तत्कालै प्राप्त गर्न सकिने बैंकले जनाएको छ ।

## लक्ष्मी भ्यालु फण्ड २ को इकाइ बाँडफाँट

Laxmi MUTUAL FUND

काठमाडौं । लक्ष्मी भ्यालु फण्ड २ को इकाई सोमबार बाँडफाँट भएको छ । लक्ष्मी सनराइज बैंक लिमिटेड कोष प्रवर्द्धक र लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको निष्कासन तथा बिक्री प्रबन्धकत्वमा ८० करोड रुपैयाँ बराबरको ८ करोड इकाईको बिक्री खुल्ला गरेकोमा निर्धारित समयावधिभित्रै शत्प्रतिशत इकाइ बिक्री भएको कम्पनीले जनाएको छ ।

## सूर्यज्योति लाइफ इन्स्यारेन्सको एजेन्सी अवार्ड



काठमाडौं । सूर्यज्योति लाइफ इन्स्यारेन्सको 'एजेन्सी अवार्ड नाइट-२०८०' सम्पन्न भएको छ । उक्त अवार्ड समारोहमा देशभरबाट छानिएका २ सय एजेन्सी म्यानेजर तथा अभिकर्ताहरुको सहभागिता रहेको थियो । उक्त अवसरमा देशभरबाट आर्थिक वर्ष २०७९/०८० मा उत्कृष्ट व्यवसाय गरेका विभिन्न विधाका एजेन्सी म्यानेजर र अभिकर्तामध्येबाट सर्वोत्कृष्टलाई अवार्डबाट सम्मानित गरिएको थियो । देशभरिबाट 'व्यक्तिगत कोड' र 'टिम व्यावसाय' अन्तर्गत सर्वाधिक व्यवसाय प्रदान गर्ने अभिकर्तालाई कम्पनीकै सर्वाधिक गरिमामय 'सूर्यज्योति रत्न अवार्ड'बाट सम्मानित गरिएको थियो । सूर्यज्योति रत्न अवार्डबाट व्यक्तिगत कोडमा कमलप्रसाद घिमिरे (बुटवल ट्राफिक चोक) र सामूहिक व्यावसाय अन्तर्गत उपिन्द्रा राई (नयाँ बानेश्वर) लाई अवार्ड, ट्रफि र नगदसहित सम्मानित गरिएको थियो ।

त्यस्तै प्रोडक्ट एम्बासडर अन्तर्गत 'सुरक्षित भविष्य' र '८४ पूजा' जीवन बिमा योजनामा क्रमशः गौरवकुमार शाही र कमलप्रसाद घिमिरेलाई ट्रफी, सम्मानपत्र र नगदसहित सम्मानित गरिएको थियो । उक्त अवसरमा कम्पनीले एमडीआरटी क्वालिफायर्स, सिइओ क्लब र चेयरम्यान क्लबअन्तर्गतका ६२ जनालाई सम्मान गरेको थियो ।

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बिरबल तामाङ, अध्यक्ष | अर्जुन प्रसाद न्यौपाने, उपाध्यक्ष | महाप्रसाद दंगाल, प्रमुख प्रशासकीय अधिकृत

ईन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

झम्क नाथ नेपाल, अध्यक्ष | सोभना तामाङ, उपाध्यक्ष | राम प्रसाद शर्मा, प्रमुख प्रशासकीय अधिकृत

## इ-सेवा र इन्जाम पेमेन्ट सम्झौता




काठमाडौं । इ-सेवा मनी ट्रान्सफर र साउदी अरेबियाको इन्जाज पेमेन्ट सर्भिसेज कम्पनीबीच रेमिटेन्स भुक्तानी सम्बन्धी सम्झौता भएको छ । रेमिटेन्स भुक्तानी सम्झौता पत्रमा एफवान सफ्ट ग्रुपका अध्यक्ष विश्वास ढकाल र इन्जाज पेमेन्ट सर्भिसेज कम्पनीका प्रमुख कार्यकारी अधिकृत खालिद अल जैनले हस्ताक्षर गरेका हुन् ।

सम्झौतासँगै साउदी अरेबियामा बसोबास तथा काम गर्दै आएका नेपालीले इन्जाज पेमेन्टको १५० शाखा, पिओएस, किअस्कस, वा मोबाइल एप र वेबसाइटबाट नेपालमा इ-सेवा मनी ट्रान्सफरमार्फत रेमिटेन्स पठाउन सकिने छ । साथै, इन्जाज पेमेन्टबाट पठाएको रेमिटेन्स इ-सेवा मनी ट्रान्सफरका १३ हजार ८०० भन्दा बढी भुक्तानी केन्द्र, बैंक तथा वित्तीय संस्था तथा इ-सेवाका एक लाखभन्दा बढी क्यास पोइन्ट र ७५ लाखभन्दा बढी प्रयोगकर्ताहरूले वालेटबाट सहजै प्राप्त गर्न सक्नेछन् ।

## मनकामना स्मार्ट लघुवित्तको नाफा घट्यो

काठमडौं । मनकामना स्मार्ट लघुवित्तको खुद नाफा ८८.७० प्रतिशतले घटेर २१ लाख ६८ हजार रुपैयाँमा झरेको छ । अघिल्लो आवमा संस्थाले १ करोड ९१ लाख ८० हजार रुपैयाँ खुद नाफा कमाएको थियो । गत आर्थिक वर्षको अन्तिम त्रैमाससम्ममा खुद ब्याज आम्दानी ६ करोड २ लाख ९५ हजारमा संकुचित बनेको छ । अघिल्लो आवमा ७ करोड ५२ लाख ९७ हजार रुपैयाँ थियो ।

खराब कर्जा अनुपात अघिललो आवमा ४.२२ प्रतिशत बिन्दुबाट बढेर ९.५७ प्रतिशतमा पुगेपछि कम्पनीको सम्भावित कर्जा नोक्सानी वापत लघुवित्तले ७ करोड ७८ लाख २८ हजार व्यवस्था गरेको छ । यसले सञ्चालन आम्दानी नोक्सानमा पुगेको छ । यस अवधिमा कम्पनी ७ करोड १५ लाख ८८ हजार रुपैयाँ सञ्चालन नोक्सानमा रहेको छ ।

## सांग्रिला मोटर्सको सिट्रोन इ-सि थ्री हस्तान्तरण



काठमाडौं । नेपालका लागि सिट्रोनको आधिकारिक वितरक सांग्रिला मोटर्स प्रालिले बहुप्रतिक्षित सिट्रोन इ-सि थ्रीको हस्तान्तरण शुरु गरेको छ । सिट्रोन इ-सि थ्रीमा २९.२ किलोवाट आवरको लिथियम आयन फोस्फेट ब्याट्री प्याक रहेको छ । फ्रन्ट ह्वील ड्राइभ सिट्रोन सीथ्रीमा रहेको मोटरले ५७ हर्सपावर तथा १४३ एनएमको टर्क जनेरेट गर्छ । सिट्रोन इ-सि थ्रीको मोटरले जम्मा ६.८ सेकेन्डमा शून्यबाट ६० किलोमीटर प्रतिघण्टाको स्पीडमा गुडाउन सक्छ । यो ईभीको टप स्पीड १०७ किलोमिटर प्रतिघण्टा रहेको छ भने रिजेनेरेटीभ ब्रेकिङ सिस्टमसहित इको र स्ट्याण्डर्ड गरी दुईवटा ड्राइभिङ मोड रहेको छ । एआरएआइका अनुसार सिट्रोन इ-सि थ्रीले एक पटकको फुल चार्जमा ३२० किलोमिटर सम्मको रेन्ज प्रदान गर्छ । यो कारलाई रेगुलर ३.३ किलोवाटको एसी चार्जरले चार्ज गर्दा १० घण्टा ३० मिनेटमा फुल चार्ज गर्न सकिन्छ भने डीसी फास्ट चार्जरले चार्ज गर्दा जम्मा ५७ मिनेटमा ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ ।

## एभरेष्ट बैंकले सुरु गर्‍यो 'फेस्टिभ बोनान्जा २०८०'




काठमाडौं । एभरेष्ट बैंक लिमिटेडले आउँदै गरेको चाडपर्वहरु तिज, दशैं, तिहार र छठको शुभ अवसरमा ग्राहकहरूका लागि 'एभरेष्ट फेस्टिभ बोनान्जा २०८०' को सुरुवात गरेको छ । भाद्र १ गते देखि लागू हुने यस अफरमा न्युन ब्याजदरमा कर्जा सुविधा उपलब्ध हुनुका साथै सेवा शुल्कमा समेत विशेष छुटको व्यवस्था रहेको छ । बैंकका नायब महाप्रबन्धक गौरव कुमारका अनुसार यस अफर अन्तर्गत घर कर्जा १०.७४ प्रतिशतको स्थिर ब्याजदरबाट सुरु हुनुका साथै घर निर्माणका लागि शतप्रतिशतसम्मबैंक लगानी रहने छ ।

सवारी कर्जा १०.९ प्रतिशतको स्थिर ब्याजदरमा प्राप्त गर्नुका साथै विद्युतीय सवारीमा ८० प्रतिशतसम्म बैंक फाइनान्स रहने छ । साथै व्यक्तिगत तथा संस्थागत प्रयोजनार्थ आकर्षक ब्याजदरमा शेयर कर्जाको समेत उपभोग गर्न सकिनेछ । तीन महिनाको लागि लागु हुने 'एभरेष्ट फेस्टिभ बोनान्जा २०८०' मा कृषि साना तथा मझौला कर्जा आधार दर र १.५० प्रतिशतको प्रिमियम दरमाउपभोग गर्न सकिने छ ।

## हिमालयन बैंकको १० करोड इकाई म्युचुअल फण्ड बिक्रीमा




काठमाडौं । हिमालय बैंकले सर्वसाधारणमा १० करोड इकाई म्युचुअल फण्ड बिक्री सुरु गरेको  छ । बैंकले बिहीबारदेखि प्रति इकाई १० रुपैयाँ दरका १० करोड इकाई 'हिमालयन ८०-२९' म्युचुअल फण्ड बिक्री कार्य सुरु गरेको हो । कूल निष्काशन इकाई मध्ये एक करोड ५० लाख इकाई वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ प्रतिशत इकाई कोष प्रवर्द्धक हिमालयन बैंक लिमिटेडलाई सुरक्षित राखी बाँकी रहेको ८ करोड ५० लाख इकाई स्वीकृत विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक गरिने बिक्री प्रबन्धक हिमालयन क्यापिटलले जनाएको छ । इच्छुक लगानीकर्ताले छिटोमा साउन ३२ देखि भदौ ४ सम्म आवेदन दिन सक्नेछन् भने ढिलामा भदौं १५ सम्म आवेदन दिन सकिनेछ ।

'हिमालयन ८०-२०' नामक योजनाको कुल लगानी मध्ये ८० प्रतिशत पुँजी तथा वित्त बजारका दीर्घकालीन लगानी मार्फत कम्पाउन्डिङ प्रतिफल सहितको नाफा आर्जन गर्ने तथा बाँकी २० प्रतिशत पुँजी तथा वित्त बजारको उतार चढावमा प्रतिबिम्बित भई सक्रिय लगानी व्यवस्थापन गर्ने सिद्धान्तको आधारमा सञ्चालन गरी लगानी कर्ताहरुलाई उच्चतम प्रतिफलको अनुभव प्रदान गर्ने गरी संचालन गर्ने कोष व्यवस्थापक, हिमालयन क्यापिटल लिमिटेडले जनाएको छ ।

## एनसेलको 'एनसेल ईपीएल लिग' प्रतियोगिता




काठमाडौं ।  एनसेल आजियाटा लिमिटेडले हाल संचालनमा रहेको इङ्लस प्रिमियर लिग (ईपीएल) २०२३/२४ को अवसरमा एनसेल एपमा 'एनसेल ईपीएल लिग' प्रतियोगिता सुरु गरेको छ । यस प्रतियोगिता अन्तर्गत सहभागी ग्राहकले साप्ताहिक रुपमा र ईपीएल सिजनको अन्त्यमा तीन जनाले ग्रान्ड प्राइज अर्थात मुख्य पुरस्कार जित्ने मौका पाउँछन् ।

सहभागी एनसेल एप प्रयोगकर्ताहरुले ईपीएलका खेलहरूको आधारमा साप्ताहिक रूपमा फुटबलको नतिजाको पूर्वानुमान गर्न सक्छन् । प्रतियोगितामा भाग लिन प्रयोगकर्ताहरूले एपमा लगइन गरि एपको माथिल्लो दायाँ कुनामा रहेको ह्यामबर्गर आइकनमा गएर प्रेडिक्ट एन्ड विनभित्र गई आवश्यक विवरणहरु भरेर खेलको पूर्वानुमान गरेर अंकमा नतिजाहरु साप्ताहिक रुपमा भर्न सक्छन् ।

## सामसङ ग्यालेक्सी जेड फ्लिप ५ र फोल्ड ५ सार्वजनिक




काठमाडौं । सामसङ नेपालले स्मार्टफोन ग्यालेक्सी जेड फ्लिप ५ र ग्यालेक्सी जेड फोल्ड ५ सार्वजनिक गरेको छ । सामसङका सहउपाध्यक्ष सुङ जुन पार्क, सामसङका निर्देशक प्रणयरत्न स्थापित र मिस नेपाल २०२२ प्रियंका रानी जोशीद्वारा संयुक्त रुपमो संयुक्त रुपमा ती नयाँ मोबाइलहरुको अनावरण गरिएको थियो ।

अनावरण कार्यक्रमको दौरान नयाँ ग्यालेक्सी जेड फ्लिप ५ र ग्यालेक्सी जेड फोल्ड ५ को विभिन्न विशेषताहरु जस्तै पकेटेबिलिटी, कभर स्क्रीन, फ्लेक्स मोड, वाइड स्क्रीन, ईमर्सिभ भिउइङ, सेल्फि र आईपीह्ड रेटिङलाई फेसन रन-वेमा मोडलहरुले प्रदर्शित गरेका थिए । दुवै ग्यालेक्सी जेड फ्लिप ५ र ग्यालेक्सी जेड फोल्ड ५लाई धेरै टिकाऊ बनाउन सावधानीपूर्वक निर्माण गरिएको कम्पनीले जनाएको छ । मेन स्क्रिन शक डिस्पर्शन तहका साथ जडान गरिएको छ । यसका साथै आईपी ८८ को रेटिङ, आर्मर अलुमिनियम फ्रेम, र गुरिल्ला ग्लास भिक्टसको प्रयोग फ्लेक्स विण्डो र पछाडि कभर दुवैतिर गरिएको छ । यसमा नयाँ एकीकृत हिन्ज मोडल जडित छ जसले बाह्य असर हरुलाई फैलिन दिँदैन ।  यसको खोज उद्देश्यमूलक रुपमै अधिकतम दिगोपनाको लागि गरिएको हो । उत्पादनको लाइफ साइकल बढाउन हरेक उपकरण ५ वर्षको सेक्युरिटी अपग्रेड र ४ पुस्ताको ओएस अपग्रेडको साथ उपलब्ध छ ।

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पारच्याङ, रसुवा, बागमती प्रदेश, नेपाल
सूचना ! सूचना !! सूचना !!!
'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'
- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

नुर्वु स्याङवो घले, अध्यक्ष
चन्द्र बहादुर गलान्, उपाध्यक्ष
नविन गिरी, प्रमुख प्रशासकीय अधिकृत

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली, बागमती प्रदेश, नेपाल
घ्याङलेख गाउँपालिका-२०७३
सूचना ! सूचना !! सूचना !!!
'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'
- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जगत बहादुर भोलन, अध्यक्ष
शंकरमान घलान, उपाध्यक्ष
राम कुमार कार्की, प्रमुख प्रशासकीय अधिकृत

■ नेपाल विद्युत् प्राधिकरणको नाफा १२ अर्ब ३३ करोड

# विद्युत् निर्यातलाई उच्च प्राथमिकतामा




अर्थ सवाल डेस्क

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणको नाफा १२ अर्ब ३३ करोड रुपैयाँ पुगेको छ । नेपाल विद्युत् प्राधिकरणले गत आर्थिक वर्षमा वार्षिक १२ अर्ब ३३ करोड रुपैयाँ नाफा आर्जन गरेको जानकारी दिएको हो । त्यसै सञ्चित नाफा ३६ अर्ब ६७ करोड रुपैयाँ पुगेको बताइएको छ । प्राधिकरणको ३८औं वार्षिक उत्सवमा बोल्दै प्रवन्ध निर्देशक कुलमान घिसिङले आर्थिक वर्ष २०७२/०७३ सम्म आइपुग्दा वार्षिक घाटा ८ अर्ब ९० करोड रुपैयाँ र सञ्चित नोक्शानी बढेर ३४ अर्ब ६१ करोड रुपैयाँ पुगेको उल्लेख गर्दै आर्थिक वर्ष ०७३/०७४ मा १ अर्ब ५० करोड रुपैयाँ खुद मुनाफा आर्जन गरी प्राधिकरणले नाफा कमाउन शुरु गरेको बताए ।

उनले प्राधिकरणको शेयर सर्वसाधारणलाई समेत जारी गर्नेगरी प्राधिकरणको तेस्रो चरणको वित्तीय पुनःसंरचना प्रश्ताव स्वीकृतिका लागि सरकार समक्ष पेश गरिएको जानकारी दिए । उनले प्राधिकरणको प्राथमिक सेयर सर्वसाधारणलाई निष्काशन गरी संकलन गरिएको रकम ठूला जलविद्युत आयोजनाहरुको निर्माणमा लगानी समेत गरिने बताए ।

प्रवन्ध निर्देशक घिसिङले संस्थाभित्र आर्थिक पारदर्शिता, जवाफदेहिता र सुशासनलाई कडाइका साथ लागू गरिएको छ । उनले प्रशासन तथा वितरण चुहावट १३.४६ प्रतिशतमा सिमित गरेर प्राधिकरणको इतिहासमा नयाँ रेकर्ड कायम गर्न सफल भएको पनि बताए । उनले भने - 'सरकारले प्राधिकरणको आर्थिक वर्ष ०६७/०६८ सालसम्मको २७ अर्ब १९ करोड रुपैयाँ सञ्चित घाटालाई अपलेखन गरिदिएपश्चात् पनि घाटामा जाने क्रम रोकिएको थिएन । घाटा अपलेखन गरिएको पाँचौ वर्ष अर्थात् आर्थिक वर्ष २०७२/०७३ सम्म आइपुग्दा वार्षिक घाटा ८ अर्ब ९० करोड र सञ्चित नोक्सानी फेरी बढेर ३४ अर्ब ६१ करोड रुपैयाँ पुगेको थियो । आर्थिक वर्ष ०७३/०७४ मा १ अर्ब ५० करोड रुपैयाँ खुद मुनाफा आर्जन गरेर नाफाको गौरवमय इतिहास शुरु गरेको प्राधिकरण त्यसपछिका आर्थिक वर्षहरुमा निरन्तर नाफामा छ । गत आर्थिक वर्षसम्म आइपुग्दा वार्षिक १२ अर्ब ३३ करोड रुपैयाँ नाफा आर्जन गरी सञ्चित नाफा ३६ अर्ब ६७ करोड पुगेको छ ।

प्राधिकरणको प्राथमिक सेयर सर्वसाधारणलाई निष्काशन गरी संकलन गरिएको रकम मुख्यरुपमा ठूला जलविद्युत आयोजनाहरुको निर्माणमा लगानी गरिनेछ । प्राधिकरणको सम्पूर्ण सम्पतिको वास्तविक मूल्यांकन गराइएको छ भने क्रेडिट रेटिङ गर्ने संस्था इक्रा नेपालले प्राधिकरणको समग्र अवस्थाको अध्ययन गरी डबल ए प्लस रेटिङ दिएको छ । संस्थाभित्रको आर्थिक पारदर्शिता, जवाफदेहिता र सुशासनलाई कडाइका साथ लागु गरिएको छ । प्रशासन तथा वितरण चुहावट १३.४६ प्रतिशतमा सिमित गरेर प्राधिकरणको इतिहासमा नयाँ रेकर्ड कायम गर्न सफल भएका छौँ । प्राधिकरणको केन्द्रिय प्रणालीबाट ९५ प्रतिशत र साना तथा लघु जलविद्युत एवं सौर्य विद्युतबाट करिव ३ प्रतिशत गरी करिब ९८ प्रतिशत जनतामा विद्युत् सेवा पुगेको छ । आगामी दुई वर्ष भित्र पूर्ण रुपमा विद्युतिकरण गर्ने सरकारको कार्यक्रमलाई कार्यान्वयन गर्न सम्पूर्ण तयारी पुरा गरी आवश्यक कार्य अगाडी बढाइएको छ ।

वित्तीय अवस्थामा सुधार, संस्थाभित्रको सुशासन, हरेक नागरिकको घरमा विद्युत् पु्याउन विद्युतिकरण, विद्युत् आपुर्तिलाई पर्याप्त, विश्वसनीय र गुणस्तरीय बनाउन प्रशारण र वितरण तर्फका पूर्वाधार संरचनाहरुको विस्तार एवम् सुदृढीकरण, उत्पादन तर्फका रणनीतिक महत्वका रुपान्तरणकारी ठूला जलविद्युत आयोजना अगाडी बढाउने, आन्तरिक रुपमा खपत वृद्धि तथा बढी भएको विद्युत् निर्यात लगायतलाई उच्च प्राथमिकतामा राखी प्राधिकरणको हरेक गतिविधि अगाडी बढेको छ ।'

उनले हाल ९८ प्रतिशत जनतामा विद्युतको सेवा पुगेको बताए । आगामी दुई वर्षभित्र देशभित्र पूर्ण रुपमा विद्युतिकरण गर्ने गरी आवश्यक कार्य अगाडी बढाइएको उने अर्थ सवाल साप्ताहिकलाई बताए ।

## विद्युतीय स्कुटर खरिदमा इन्भेष्टमेण्ट मेगा बैंकको सहुलियत कर्जा




काठमाडौं । पछिल्लो समय सहरी क्षेत्रका उपभोक्ता विद्युतीय स्कुटरप्रति थप आकर्षित हुन थालेका छन् । विद्युतीय स्कुटरमा जडान भएका उच्च क्षमताका 'मोटर पावर'ले उकालोमा समेत सहज यात्रा, रेञ्ज (गति) उच्च, गुणस्तरीय एवं विश्वासनीय उत्पादक कम्पनीका स्कुटर तथा बैंकिङ क्षेत्रले लगानी गर्न थालेसँगै विद्युतीय विशेष गरी युवापुस्ता लागि यस्ता स्कुटर रोजाइमा पर्न थालेको हो । पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनलाई कम गर्दै विद्युतीय सवारीसाधन प्रयोग बढाउँदै तथा प्रवर्द्धन गर्दै जाने सरकारको नीतिसमेत रहेको छ ।

यसैबीच नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले विद्युतीय स्कुटरलाई उच्च प्रवदर्द्धन गर्न सुरुवात गरेको छ । बैंकले चारपांग्रे विद्युतीय सवारीसाधनलाई उपलब्ध गराउँदै आएको सहुलियत पूर्ण कर्जा विद्युतीय स्कुटरलाई पनि उपलब्ध गराउने नीति कार्यान्वयनमा ल्याएको छ । यसका लागि बैंक र इको इन्फिनिटी प्रालीबीच द्विपक्षीय सम्झौता भएको छ । नेपालमा इको इन्फिनिटीले 'एनआइयू (न्यू) इलेक्ट्रिक' नामक विद्युतीय स्कुटर पहिलो पटक सन् २०१७ मा भित्र्याएको थियो । सो सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डे र इको इन्फिनिटी प्रालिका प्रमुख कार्यकारी अधिकृत डा. मौसम बोहराले हस्ताक्षर गरे ।

## जस्मिन पेन्ट्सको 'रंगिन पल खुशी डबल' योजना




काठमाडौं । जस्मिन पेन्ट्सले 'रंगिन पल खुशी डबल' उपहार योजना ल्याएको छ । आउँदै गरेका चाडपर्वहरूमा थप खुशी प्रदान गार्ने उद्देश्यका साथ भदौ १ देखि मंसिर १५ सम्मका लागि ग्राहक लक्षित उक्त योजना लागु गरेको हो । यस योजनामा सहभागी हुन ग्राहकहरूले नजिकैको डिलरहरूबाट कम्तीमा ७५ हजार रुपैयाँको जस्मिन पेन्ट्सको उत्पादनको खरिदमा एक लक्की ड्र कुपन प्राप्त गर्न सक्नेछन् । विजेताको घोषणा लक्की ड्र कार्यक्रमको प्रत्यक्ष प्रसारणमार्फत गरिनेछ । चार सय जना ग्राहकले विभिन्न उपहार प्राप्त गर्न सक्नेछन् । जस अन्तर्गत १ जनाले यमाहा रे जेड कुटर, ७ जनाले रेडमी १२ स्मार्ट मोबाइल फोन, २० जनाले एक्यु फिट स्मार्ट बाच, ४५ जनाले डिएचआई २.८ लिटर इलेक्ट्रिक राइस कुकर र ३२७ जनाले आकर्षक भित्ते घडी प्राप्त गर्न सक्नेछन् । यी उत्पादनले ग्राहकको मन जित्न सफल रहनेछ भन्ने पूर्ण विश्वास कम्पनीको छ ।

## जापानद्वारा चिकित्सा उपकरण हस्तान्तरण

काठमाडौं । जापान सरकारले सुष्मा कोइराला मेमोरियल अस्पताललाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । शखंरापुर नगरपालिकामा आयोजित एक कार्यक्रममा नेपालका लागि जापानका राजदूत किकुटा युतकाले गम्भीर आगो लागेको बिरामीका लागि एक करोड रुपैयाँ बराबरको मेडिकल उपकरण हस्तान्तरण गरेका हुन् । कार्यक्रममा छाला ग्राफ्ट सर्जरीको लागि दुई भेन्टिलेटर र एक अटोलोगस स्किन ग्राफ्ट एक्सपेन्डर



प्रदान गरिएको थियो । जसलाई अस्पतालको आईसीयू र अपरेटिङ रुममा राखिएको छ । सो अवसरमा राजदूत किकुटाले बधाई तथा शुभकामना व्यक्त गरे । परियोजनामा संलग्न सबैको प्रयासको लागि उनले प्रशंसा गरे ।

## सिमरामा टीभीएसको शोरुम




काठमाडौं । बाराको जीतपुर सिमरा उपमहानगरपालिका-७ जीतपुरमा टीभीएस मोटरसाइकलको शोरूमको स्थापना भएको छ । जीतपुरको स्वास्तिक ट्रेड एण्ड कन्सर्नले टीभीएसको आधिकारिक डिलर लिएर बिहीबार जीतपुरको पहाडी टोलमा शोरूमको उद्घाटन गरेको हो । जीतपुरमा टीभीएसको आधिकारिक बिक्रेता स्वास्तिक ट्रेड एण्ड कन्सर्नले एक कार्यक्रम आयोजना गरेर शोरूमको उद्घाटन गरेको छ । जीतपुर सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेले रिबन काटेर शोरूमको उद्घाटन गरे ।

करिब २ करोड २५ लाखको लागतमा सञ्चालनमा आएको टीभीएस मोटरसाइकलको आधिकारिक बिक्रेता स्वस्तिक ट्रेड एण्ड कन्सर्न जीतपुरका सञ्चालक किरन पुरीका अनुसार जीतपुरको टीभीएस शोरूममा टीभीएसको नयाँ मोटरसाइल, स्कुट, पार्टस र सर्भिसिङ लगायतका सम्पूर्ण कामहरू हुनेछन् ।

## कोका-कोलाद्वारा युथ डाइलग इभेन्ट आयोजना



काठमाडौं । ग्लोकल प्रालिले कार्यान्वयन गरेको कोका-कोला युथ डाइलग इभेन्टमा 'रोल अफ युथ टुवार्ड्स सस्टेनेबल वल्ड' सम्बन्धी छलफलहरू प्रस्तुत भएका थिए । पछिल्लो युथ डाइलग इभेन्ट अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा काठमाडौं डन बस्को कलेजमा सम्पन्न भएको हो । कोका-कोला नेपालद्वारा सपोर्ट गरिएको उक्त कार्यक्रममा तीन प्यानेलिस्टहरू अनुष्का श्रेष्ठ, सीईओ/को-फाउन्डर, मक्कुसे, पूर्व मिस नेपाल २०१९, सृष्टि वैद्य, वैद्य ग्रुपका फाइनान्स एण्ड एचआर डाइरेक्टर र ग्लोबल सेपर्सका लागि क्युरेटर काठमाडौं हब र स्नेहा श्रेष्ठ कम्युनिकेशन एण्ड सस्टेनेबिलिटी म्यानेजर, कोका-कोला बेभरेज नेपाल रहेका थिए । यस कार्यक्रमले दिगो पहलमा सक्रिय सहभागी बन्न युवालाई सशक्तिकरण र संलग्न गराउने महत्वलाई जोड दिएको थियो ।

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन, बागमती प्रदेश, नेपाल
सूचना ! सूचना !! सूचना !!!
'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'
- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

तारा कुमारी काजी महतो, नगर प्रमुख
खेम प्रसाद महतो, उप–प्रमुख
शेषकान्त पौडेल, प्रमुख प्रशासकीय अधिकृत

कैलास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल
सूचना ! सूचना !! सूचना !!!
'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'
- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

लोक बहादुर मुक्तान, अध्यक्ष
बाल कुमार मल्ल ठकुरी, उपाध्यक्ष
अशोक विष्ट, प्रमुख प्रशासकीय अधिकृत

**एमाले...**

एमालेले संसदमा सानातिना विषयलाई लिएर संसद अवरोध गर्दै आएको छ । छानबिन समितिको काम छैन भन्ने एमालेलाई पनि थाहा छ तर पनि उसको अडान अचम्मकै छ । एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीमाथि पनि यति, ओम्नीलगायत विभिन्न काण्ड लागेको छ । अब बन्ने छानबिन समितिलाई निस्क्रिय पार्ने र आफूमाथि लागेका आरोप पनि ढाकछोप गर्ने एमालेको योजना रहेको हुन सक्ने अनुमान गरिएको छ । अहिलेसम्म बनेका समितिले काम गर्न धेरै समय लगाउने र यथार्थ प्रतिबेदन नदिने गरेकाले नै समितिप्रति न त राजनीतिक दलको विश्वास छ न त जनताको नै ।

**सुन...**

हुने मानिन्छ । तर, नेपाल बैंकमा संयौं तोला धितोमा राखिएको ऋण उकास्न ऋणीहरु गएनन् । पटक-पटक सूचना निकाले ऋण तिर्न ताकेता गरे पनि ऋण नतिरेपछि लिलामीमा जान बाध्य भएको नेपाल बैंकले जनाएको छ । नेपाल बैंकले बुधबार १५ दिने सार्वजनिक सूचना जारी गर्दै धितो सकार्न अनुरोध गरेको छ । इच्छुक जोकोहीले लिलामीमा सहभागी हुन सक्ने बैंकले जनाएको छ । बैंकका अनुसार बालाजु औद्योगिक शाखा, बुर्तिबाङ शाखा, कान्तिपथ शाखा र डिल्लीबजार शाखामा रहेको ८ जनाको सुन धितो लिलामी गर्न लागेको हो ।

**रेमिट्यान्सले...**

खर्ब ९० अर्ब ५२ करोडले बचतमा छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु दुई खर्ब ५५ अर्ब २६ करोडले घाटामा थियो । कूल विदेशी विनिमय सञ्चिति ११ अर्ब ७४ करोड अमेरिकी डलर रहेको र यस्तो सञ्चितिले १० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । यही अवधिमा विस्तृत मुद्राप्रदाय ११ दशमलव चार प्रतिशतले बढेको छ ।

गत वर्ष समग्र वैदेशिक व्यापार घटेको छ । गत आवमा आयात १६ दशमलव एक र निर्यात २१ दशमलव ४ प्रतिशतले घटेको छ । अघिल्लो आवमा आयात २४ दशमलव ७ र निर्यात ४१ दशमलव ७ प्रतिशतले बढेको थियो । व्यापार घट्नुको सकारात्मक अर्थ मुलुकमा उत्पादन बढेको रुपमा लिइनु हो । तर, यस अवधिमा उत्पादन बढेको छैन, अरु घटेको छ । व्यापारमा आयातको मात्रा जति कम छ निर्यात त्योभन्दा डेढी बढी हुनुले मुलुकको अवस्थालाई उजागर गर्दछ । आयात निर्यात दुबै घट्दा व्यापारघाटा पनि अघिल्लो वर्षको तुलनामा काम भयो । तर, यसले सकारात्मक सन्देश दिन सक्दैन । उसै त आयातमा निर्भर मुलुकमा भैरहेको सीमित निर्यात पनि घट्नुलाई गम्भीरतापूर्वक लिनुको विकल्प छैन । तर, सरकार रेमिट्यान्स बढेकोमै मख्ख परिरहेको छ ।

समग्रमा मुलुकको आर्थिक स्थितिमा विस्तारै सुधार हुँदै गएको दाबी गरिए पनि चालू आर्थिक वर्षको पहिलो एक महिनाको सरकारी तथ्यांकले भने त्यसलाई पुष्टि गर्दैन । चालु आर्थिक वर्ष २०८०/८१ को साउन महिनामा सरकारको प्राप्ति र भुक्तानीसम्बन्धी तथ्यांकले आम्दानी गत आवको तुलनामा झन् घटेको छ । सरकारले साउन महिनामा ८८ अर्ब १३ करोड अर्थात् कुल लक्ष्यको ५.९९ प्रतिशत आम्दानी गरेको छ । जबकि गत आवको सोही महिनामा सरकारले ९२ अर्ब १२ करोड रुपियाँ आर्जन गरेको थियो ।

यस हिसाबले सरकारको आम्दानी गत साउनको तुलनामा करिब चार अर्ब रुपियाँले घटेको देखिन्छ । समीक्षा अवधिमा सरकारले ७० अर्ब १७ करोड रुपियाँ कर राजस्व संकलन गरेको छ भने आठ अर्ब ६९ करोड रुपियाँ गैरकर राजस्व संकलन गरेको छ । गत साउनमा ८० अर्ब आठ करोड रुपियाँ राजस्व संकलन गरेको सरकारले यस वर्ष साउनमा भने करिब एक अर्ब २१ करोड रुपियाँ कम राजस्व संलन गरेको छ । चालु आवमा करिब ५० अर्ब रुपियाँ अनुदान प्राप्त गर्ने अनुमान गरेको सरकारले साउनमा अनुदान प्राप्त गरेको छैन । अन्य प्राप्तिमार्फत भने सरकारले नौ अर्ब २६ करोड रुपियाँ आर्जन गरेको छ । गत साउनको तुलनामा सरकारको राजस्व नै घटेको देखिन्छ ।

सरकारको चालु खाता रु ७२ अर्ब १६ करोडले घाटामा छ । खुद प्रत्यक्ष वैदेशिक लगानी रु पाँच अर्ब ९६ करोड कायम भएको छ । अघिल्लो आवमा प्रत्यक्ष वैदेशिक लगानी रु १८ अर्ब ५६ करोड थियो । यसले पनि देखाउँछ मुलुकको अर्थनीतिको स्पष्ट चित्र । प्रतिबद्धताअनुसारको वैदेशिक लगानी पनि नहुने र अनुदान तथा ऋण पनि नआएको अवस्थासंगै राजश्व संकलनमा भएको भारी गिरावटले सरकारको आय-व्ययको अन्तर ठुलो छ । यसको पूर्तिका लागि चालू आर्थिक वर्षमा फलामकै च्यूरा चपाउनुपर्ने देखिन्छ । सरकार सीमित क्षेत्रमा देखिएको सुधारलाई नै आफ्नो सफलता मान्ने हो र सुधारका प्रयास नगर्ने हो भने यसले मुलुकको अर्थतन्त्रलाई संकटबाट माथि उठाउन सक्दैन । समग्र आर्थिक पक्ष र सूचकहरुको सूक्ष्म समीक्षासहित अहिलेदेखि नै प्रभावकारी कदम नचाले पहिलो महिनादेखि नै घट्दै गएको आम्दानी निरन्तर घट्दै जाने र प्रशासन चलाउनै पनि ऋणमाथि ऋण लिनुपर्ने अवस्थामा अरु बढोत्तरी आउने छ ।

## निफ्राको सञ्चालकमा सुवेदी




काठमाडौं । पूर्वाधार विकास बैंक (निफ्रा)को सञ्चालकमा प्रविण सुवेदी नियुक्त भएका छन् । बैंकको भदौ ३ मा बसेको सञ्चालक समितिको बैठकले सुवेदीलाई सञ्चालक पदमा नियुक्त गरको हो ।

सुवेदी सर्वसाधारण समूहतर्फको प्रतिनिधित्व गर्दै सञ्चालकमा नियुक्त भएका हुन । बैंकको अध्यक्ष संस्थापक समूहबाट अनुज अग्रवाल छन् भने श्रीकृष्ण नेपाल, रत्नराज बज्राचार्य, लालमणी जोशी, शंकर प्रसाद अधिकारी र लिमा अधिकारी आचार्य सदस्य छन् ।


## गौरीशंकर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा, बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

| विस्वास कार्की | पवन कुमार प्याकुरेल | नविन बस्नेत |
|---|---|---|
| अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन प्रमुख / सूचना अधिकारी |



## खाँडादेवी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप, बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

| ज्ञानकुमार श्रेष्ठ | रमा घिसिङ | नारायण लामिछाने |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |



## आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु

- बरफले आँखा सेक्ने ।
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि दैनिक धुले ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने ।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने ।
- दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





अर्थ सवाल साप्ताहिक Artha Sawal Weekly
जि.प्र.का.काठमाडौं द.नं. २३६/०७३/०७४ वर्ष ८, अंक ६, गो.हु.का. द.नं. ०७/०७९/०८०
बिहीबार

# ‘साहित्यबाट प्राप्त हुने आनन्द र सन्तुष्टि अखण्ड र अमर हुन्छ’



◆ **कृष्णप्रसाद भुसाल, सम्पादक**

**एउटा शालिन र वौद्धिक व्यक्तित्वका रुपमा निरन्तर आफ्ना कर्मलाई अघि बढाइरहेको नाम हो कृष्णप्रसाद भुसाल। विगत १३ वर्षदेखि मिलाप राष्ट्रिय मासिकको प्रधान सम्पादकका रुपमा कार्य सम्पादन गर्दै आएका उनी हिमालय टाइम्स राष्ट्रिय दैनिकका समेत उपसम्पादक हुन्। त्यस्तै एक दर्जनभन्दा बढी विभिन्न विधाका कृति सम्पादन गरिसकेका र विभिन्न समसामयिक विषयमा कलम पनि चलाउँदै आएका भुषाल मिलाप फाउण्डेशनको सल्लाहकारका रुपमा रहेर सामाजिक कार्यमा पनि अग्रसार हुँदै आएका छन्। उनले यो क्षेत्रमा रहेर पुर्‍याएको योगदानस्वरुप थुप्रै मान, सम्मान र पुरस्कार पनि प्राप्त गरेका छन्। कुशल सम्पादकका रुपमा आफ्नो अलग्गै छबी बनाउन सफल उनै कृष्णप्रसाद भुसालसँग अर्थ सवाल साप्ताहिकका लागि सम्पादक रमेश कुमार बोहोराले गर्नुभएको संक्षिप्त कुराकानीः–**

**यतिवेला केमा व्यस्त हुनुहुन्छ ?**

मिलाप पब्लिकेशनमार्फत हामीले विगत १३ वर्षदेखि प्रकाशन गर्दै आएको मिलाप मासिक पत्रिकाको नियमित सम्पादन कार्य र हिमालय टाइम्स दैनिकको उप सम्पादकका रुपमा बहन गर्नुपर्ने जिम्मेवारीका अलावा वरिष्ठ युरोलोजिष्ठ प्रा.डा. अर्जुनदेव भट्टको उपन्यास कृति ‘बिसमात’को सम्पादन गरिरहेको छु। यो छिट्टै पाठकमाझ ल्याउने तयारीका साथ काम भइरहेको छ। यस्तै विश्व कीर्तिमानी गीतकार तथा उपन्यासकार डा. डीआर उपाध्यायको नयाँ कृति उपन्यास र कविता सङ्ग्रहको सम्पादन पनि गरिरहेको छु।

**भनेपछि यहाँले पुस्तकहरु पनि सम्पादन गर्नु हुँदोरहेछ, हालसम्म केकति पुस्तकहरु सम्पादन गरिसक्नुभएको छ ?**

मैले एक दर्जन भन्दा बढी विभिन्न विधाका पुस्तक सम्पादन गरेको छु। मैले उपन्यास ‘बनिता’, ‘खाटा बसेको घाउ’, ‘अहोरात्र’, ‘कसुर’, नियात्रासङ्ग्रह ‘फकलीको गाउँ’, कथासङ्ग्रह ‘मार्बल हाउसकी शालिनी’ हाँस्य निबन्ध ‘चिबे नकटो’, कवितासङ्ग्रह ‘विरहपुष्प’, नृत्य सम्बन्धि पुस्तक ‘ जो नाच्छ उ धेरै बाच्छ’ लगायतका रहेका छन्। केही स्मारिका र अन्य प्रकाशनहरु रहेका छन्।

**यति धेरै कृतिको सम्पादन गर्नुभएको रहेछ, तँपाइको विचारमा सम्पादन के हो र सम्पादन गर्दा के कुरामा ध्यान दिनुपर्छ ?**

कृतिलाई भाषिक संयोजनमामा पालिस लगाई मिठास थप्ने काम सम्पादन हो भने सम्पादन गर्दा ध्यान दिनुपर्ने कुरामा सम्पादन गर्दा प्रायः तीनचोटि गर्नुपर्दछ, मैले त्यसै गर्छु। पहिलो पटक सम्पादक बनेर, दोस्रोपटक पाठक बनेर तेस्रो पटक समालोचक बनेर गरिएको कृतिमा सम्पादकीय त्रुटि न्यून हुन्छन्। सम्पादकले लेखनमा कहीँ कतै कुरा अपुग छन् भने पनि लेखकसँग परामर्श गरेर थपिदिँदा हुन्छ वा धेरै नै त्यस्ता छन् भने लेखकलाई यसो गर्नु भनी पुनर्लेखन गर्न लगाउनुपर्ने हुन्छ

**साहित्य सिर्जना किन गरिन्छ होला ?**

एउटा कुरा त आफूमा भएको कुरा बाहिर ल्याउन हो भने अर्को समाजलाई अग्रगमनतर्फ डोर्‍याउन। मानव जीवनको उद्देश्य सन्तुष्टि प्राप्ति हो। मानिस जीवनपर्यन्त त्यसैको खोजीमा लागेको हुन्छ। त्यसमध्ये एउटा पाटो हो साहित्य। वास्तवमा साहित्यानुरागीलाई साँचो सन्तुष्टि साहित्यबाट मात्र मिल्दछ। ऐश्वर्य भोगको आनन्दमा ग्लानी लुकेको हुनसक्छ। त्यसबाट अरुचि पनि हुनसक्छ र पश्चाताप पनि; तर साहित्य र त्यसको सुन्दरताबाट प्राप्त हुने आनन्द र सन्तुष्टि अखण्ड र अमर हुन्छ। भनिन्छ, साहित्यको आधार जीवन हो। यसकै जगमा उभिएको हुन्छ साहित्यको अट्टालिका। तर, जग माटोमुनि पुरिएर बसेको हुन्छ। त्यसलाई खोतलेर नदेखाएसम्म बाहिरबाट देख्न सकिँदैन।

‘नारत्वं दुर्लभंलोके विद्यातत्त सुदुर्लभा।
कवित्वं दुर्लभंतत्त शक्तिस्तत्त सुदुर्लभा॥’

अर्थात यो दुर्लभ लोकमा मानव शरीर नै दुर्लभ छ। मानव शरीर पाए पनि विद्या अझै दुर्लभ छ। विद्या भएर पनि कवित्व, साहित्य रचना अझै दुर्लभ छ। यसमा पनि शक्ति त अझै दुर्लभ छ। यो शक्ति नै साँचो साहित्य सृजना-क्षमता हो।

**एउटा सम्पादकका रुपमा नेपाली साहित्यको वर्तमान अवस्थालाई कसरी लिनुहुन्छ ?**

सरसरती हेर्दा नेपाली साहित्यको वर्तमान अवस्था उन्नतोन्मुख देखिन्छ। प्रतिवर्ष लेखक बढेका बढ्यै छन्। हिजो नगन्य लेखकका केही कृतिहरूमात्र प्रकाशित हुन्थे भने आज प्रतिवर्ष झण्डै विभिन्न लेखकका ६ सयभन्दा बढी कृति प्रकाशित भइरहेका छन्। नेपालीभाषी जनसंख्याको आधारमा यी कृतिलाई कम मान्न सकिन्न। आज विश्वका धेरै देशमा नेपालीभाषी पुगेका छन् र विश्वका कुनाकुनामा लेखक जन्मिरहेका छन्। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)को पहुँच विश्वव्यापी भएको छ। यस हिसावमा धेरै राम्रो छ। तर, स्तरीय लेखनमा भने कमी आएको गुनासाहरू पाइन्छ।

**एउटा राम्रो सर्जक हुनका लागि राम्रो पाठक पनि हुन जरुरी छ, तँपाइ यस्तो व्यस्त हुनुहुन्छ, पढ्न चाँहि कतिबेला पढ्नुहुन्छ ?**

निश्चित समय छैन। म हत्तपत्त पुस्तक वा पत्रपत्रिकारहित बस्तिन। प्रायः प्रातकालमा पढ्ने कोसिस गर्छु। जतिवेला मौका मिल्यो त्यतिबेलै पढने बानी छ।

**पुस्तकको छनोट कसरी गर्नुहुन्छ ?**

विषयको आधारमा। आफूलाई मनपर्ने मात्र नभएर यदाकदा चर्चाका विषय पनि मेरा रोचक विषय बन्छन् र खोजेर पढ्छु।

**अन्य सर्जकका कृति त निकै नै सम्पादन गर्नुभएको पाइयो आफ्नै कृति निकाल्ने सोचमा पनि हुनुहुन्छ कि ?**

सोचमा त छु। समयलगायत धेरै कुराको तारतम्य मिलाउँनु पर्छ, हेरौं के हुन्छ। त्यो समय पनि आउला।

**यहाँ मिलापको प्रधानसम्पादक भएर विगत १३ वर्षदेखि यो पत्रिका प्रकाशन गर्दै आउनुभएको छ, कस्तो पत्रिका हो मिलाप ?**

मिलाप पब्लिकेशनले विगत १३ वर्षदेखि मिलाप प्रकाशन गरिरहेको छ। राष्ट्रिय स्वाधिनताका लागि स्वतन्त्र पत्रकारिताको मूल लक्ष्यका साथ विश्वभरका नेपाली भाषीबिच पुग्ने अभिष्ट लिएर निरन्तर यो पत्रिका मासिक रुपमा प्रकाशन हुँदै आएको छ। मिलाप मासिकले समसामयिक लेख, अनुसन्धान, समीक्षामूलक सामाग्री, संवाद् तथा सवालहरू समेट्दै आएको छ। राजधानीका प्रत्येक पालिकादेखि लिएर मन्त्रायल, विभाग, कुटनीतिक नियोग, जनप्रतिनिधि कार्यालय, विभिन्न व्यक्तित्वहरू, औद्योगिक क्षेत्रहरू, राष्ट्रिय जीवनका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने लब्धप्रतिष्ठित व्यक्तिका साथै विभिन्न पुस्तकालयका अनि मुख्य बजारहरूमा यसको वितरण हुँदै आएको छ। विभिन्न उमेर समूहका व्यक्तित्वहरू यसका पाठक भएको हामीले पाएका छौं। राजधानीका सामाजिक संघ-संस्था, क्लब, चलचित्रकर्मी, सांस्कृतिक समूह एवम् युवा विद्यार्थीको खोजीको मासिक बन्न पुगेको हाम्रो अनुभव छ।

यसको राजधानीलगायत मुलुकका विभिन्न भागमा र नेपालबाहिर पनि हामीले केही कपी पुर्‍याउँदै आएका छौ। त्यस्तै ई-मेल, इन्टरनेट, फेसबुक आदि सूचना प्रविधिमार्फत पनि हामीले यसलाई पाठकमाझ लगेका छौं। मिलापमा देशबाहिर बसेका नेपाली भाषीका क्रियाकलाप, सभासमारोहका सूचना, समाचार, लेख, रचनाहरू अनवरत रुपमा प्राकाशित हुँदै आएका छन्।

**यहाँ मिलाप फाउण्डेशनको सल्लाहकार पनि हुनुहुन्छ होइन ?**

हो, समाजिक कार्यका लागि मिलाप फाउण्डेशन स्थापना भएको हो। गीता (कमला) अधिकारीले यसको संस्थापक अध्यक्ष हुनुहुन्छ। म यसको सल्लाहकारका रुपमा छु। यसले केही सामाजिक कार्य गर्दै आएको छ।




३८औं वर्ष सफलतापूर्वक पूरा गरेको सुअवसरमा सम्पूर्ण उपभोक्ता, शुभचिन्तक तथा सहयोगी संघ संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

नेपाल विद्युत प्राधिकरण

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि.को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरुः

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधैं ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं।
३. काम सकेपछि सँधैं रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरुः

१. खाना पकाउने स्थानमा एल.पि. ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं।
२. झ्याल ढोक खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरु जस्तैः ग्याँस चुल्हो, सलाई लाईटर, धुप आदी नबालौं। विद्युतजन्य उपकरणको प्रयोग नगरौं।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाई बाहिर खुल्ला स्थानमा राखौं र यथाशीघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं।

“सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।”
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
टेकु, काठमाडौं, नेपाल
फोन नं: ०१-५३६४९७५, ५३६४९७४